# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

"बालक" भन्ने बित्तिकै उमेरको अपरिपक्क व्यक्ति भन्ने बुझिन्छ । बालक भन्ने बित्तिकै प्रत्येक समाजमा आ-आफ्नो वस्तुस्थिति, जैविक, सामाजिक, धरातल, हावापानी, शिक्षा, मनोविज्ञान, सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक एवम् प्रथा परम्परा बालबालिकाहरूको क्षमता, दक्षता आदि तत्वहरूको आधारमा कति उमेरसम्मका बालबालिकालाई बालबालिकाको श्रेणीमा राख्ने भन्ने तय गरिदै आएको पाइन्छ । विश्वका सबै राष्ट्रहरूले एउटै उमेरलाई मात्र बालबालिकाको रूपमा लिइएको पाइदैन । राष्ट्र अनुसार बालबालिका भनिने उमेर फरक-फरक रहेको छ । जस्तै डा. शर्माका अनुसार अमेरिकामा ७-१६ वर्षको उमेर, इजिप्टमा ७-१५, व्रिटेनमा ११-१६ वर्ष, नेपालमा १६ वर्ष, रसियामा १६ वर्ष, संयुक्त राष्ट्रसंघले १८ वर्ष मुनिका व्यक्तिलाई बालकमा राखेको छ । प्राचीन रोम वैयक्तिक कानुनका अनुसार २५ वर्ष भन्दा मुनिका व्यक्तिलाई बालकको श्रेणीमा राखेको पाइन्छ (शर्मा, २०६६) ।

"बालक" शब्दलाई १२ वर्ष पुरा नभएको व्यक्ति भनि परिभाषित गरिएको छ । बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी १९८९ अनुसार १८ वर्ष भन्दा कम उमेरका प्रत्येक मानव जातीलाई बालबालिका भनि परिभाषित गरेको छ । नेपालको सन्दर्भमा मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ संयुक्त राष्ट्रसंघीय महासन्धीसँग सहमत भएको भएतापनि बालबालिका सम्बन्धी ऐन, २०४८ अनसार १६ वर्ष पुरा भएका व्यक्तिलाई बालबालिका भनि परिभाषित गरेको छ । नेपाली नागरिकता सम्बन्धी कानुनले १६ वर्ष पुरा भएका व्यक्तिलाई मात्र नागरिकता प्रदान गर्ने व्यवस्था भएको र विवाह गर्ने तथा वैदेशिक रोजगारमा जानको लागि १८ वर्ष पुरा गर्नुपर्ने उमेरको हद तोकिएकोबाट १६ वर्ष पछि कानुनी कार्य गर्न सक्षम भएतापनि सामाजिक र जैविक रूपमा बालक नै हुन्छ भन्ने प्रष्ट हुन आएको छ । त्यस्तै बालश्रम (निषेध र कार्यविधि) ऐन, २०५६ अनुसार १४ वर्ष उमेर पुरा नभई श्रममा लगाउन नपाउने व्यवस्था गरेको छ । यी सम्पूर्ण कानुनी व्यवस्था अनुसार १६ वर्ष उमेर पुरा नभएका व्यक्ति बालबालिका हुन् भन्ने मानिएको छ ।

नेपाल र विश्वको कानुनी व्यवस्था अनुसार बालबालिकाहरूको परिभाषित उमेरमा फरक परेतापनि नेपालको सन्दर्भमा १६ वर्ष पुरा नभएको व्यक्तिलाई नै बालबालिका भनिदै आएको पाइन्छ । (श्रेष्ठ, कानुनी शब्दकोष)

सन् २००१ मा सम्पन्न भएको जनगणनाको राष्ट्रिय प्रतिवेदन अनुसार नेपालमा १४ वर्ष मुनिका बाल जनसंख्याको करिब ८४ लाख, १६ वर्ष मुनिका बाल जनसंख्या करिब ९५ लाख र १९ वर्ष मुनिका बाल जनसंख्या करिब १ करोड ४ लाख रहेको छ । यी बालबालिकाहरूमा खासगरी ६-१० वर्ष समुहका बालबालिकाहरूमा करिब ८० प्रतिशत प्राथमिक विद्यालयमा भर्ना गरिएका हुन्छन् । तर त्यसमध्ये ४९ प्रतिशत बालबालिकाहरूले प्राथमिक विद्यालयको शिक्षा पुरा गर्न पाएका हुदैनन् । नेपालमा साक्षरताको राष्ट्रिय स्थिति हेर्ने हो भने ५४.१ प्रतिशत मात्रै रहेको छ । यसमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला काठमाण्डौ ७७.२ प्रतिशत साक्षरता रहेको छ भने सबैभन्दा कम जुम्लामा २७.१ प्रतिशत रहेको छ । नेपालको ३२ जिल्लाहरूमा साक्षरता स्थिति राष्ट्रिय तथ्याङ्क ५४.१ प्रतिशत भन्दा बढी रहेको छ भने अन्य जिल्लाहरूमा स्थिति त्यसभन्दा कम रहेको छ (नेपालमा बालअधिकारको स्थिति, २००४) ।

बालबालिकाको अधिकारको सम्बन्धमा व्यवस्थित ढंगबाट आवाज उठेको धेरै भएको छैन । तर पनि झण्डै डेढ दशकको यस अवधिमा बाल अधिकारको बारेमा समुदाय देखी नीति निर्माणको तहसम्म सचेतना बढाउने क्रम भने धेरै नै बढिरहेको छ । नेपाली जनसंख्याको झण्डै आधा हिस्सा ओगटेको बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन नर्गे निकायहरू सचेत र क्रियाशिल हुनु जरुरी छ (Child Welfare Society, 1996) बालबालिकाका विषयलाई प्राथमिकता दिइनु आवश्यक छ । अन्यथा बालबालिकाको उचित किसिमले विकास हुन सक्दैन । बालबालिकाको अधिकारको सम्बन्धमा अन्तराष्ट्रिय दस्तावेजहरू निर्माण भएका छन् । मापदण्ड बनाइएका छन् ।जसको व्यवहारिक कार्यान्वयनका निम्ति थुप्रै प्रयत्नहरू पनि भइरहेका छन् । यस क्रममा दायित्व बहन गर्नुपर्ने पक्षहरूलाई दायित्वबोध गराउन तथा सोको सही ढंगले उपयोग गर्न सम्बन्धित सरोकारवालाहरूलाई सचेत गराउन आवश्यक छ (Pradhan, 1980)।

हाल विश्वव्यापी रूपमा विकासले तीव्र गति लिएको अवस्थामा आधुनिकिकरण, शहरीकरण, साँस्कृतिकरण, परनिर्भरताले गर्दा नेपाल जस्तो विकासोन्मुख राष्ट्रमा नयाँ अन्वेषणको कार्य भन्दा पनि विकृती संस्कृतिकरणले गर्दा प्राचीन समयदेखी सद्भावपूर्ण

समाजमा पश्चिमीकरण शैली भिजिएको छ । जुन शैलीले प्रत्यक्ष रूपमा साना भन्दा साना नाबालकहरूमा असर परेको छ । धार्मिक परम्परा अनुसार समाजमा छोरीलाई भन्दा छोरालाई महत्व दिने, हालको आधुनिकिकरणले गर्भमा नै छोराछोरी छुट्टिने हुँदा छोरा भए गर्भाधारण र छोरी भए गर्भपतन जस्ता कार्यहरू दिनप्रतिदिन बढ्दै गएको, त्यस्तैगरी विवाह पश्चात सम्बन्ध विच्छेदका घटनाक्रमले गर्दा तिनीहरूबाट जन्मेका नाबालकहरू अलपत्र परेका घटनाहरू अकस्मात बाबुआमा दुवै गुमाउँदा संरक्षकको अभावमा अलपत्र परेका नाबालकको अवस्था साथसाथै बढ्दो र गरिबीपनले पनि बच्चाहरूको पालनपोषण गर्न नसकी अलपत्र परेका र अवैधानिक यौनसम्पर्कबाट जन्मी बाबुआमाको ठेगाना नभई अलपत्र परेका नाबालकहरूको संख्या दिनप्रतिदिन बढ्दै गएको तितो यथार्थ पाउन सकिन्छ (Bhargava, 2003)।

साना साना बालबालिकाहरूलाई आर्थिक, सामाजिक, शैक्षिक दृष्टिकोणले बलियो बनाउन सकेमा त्यो देशको विकास द्रुत गतिले अगाडी बढ्न सक्छ । बालबच्चाहरूका निम्ति आधारभूत स्थायी सूचकहरू सिकाई, बुझाई, पढाई, लेखाई साथसाथै स्वास्थ्य, सुरक्षा लगायत उनीहरूको इच्छा अनुरूपको मायाममता आवश्यक पर्दछ । यस्ता कुराहरूमा नकारात्मक भाव नराखी सकारात्मक रूपबाट सहकार्य गर्नु जरुरी हुन्छ (Child Welfare Society, 1996) यिनै बालबच्चाहरूलाई हतियार बनाई बुजुक भन्नेहरू राष्ट्र निर्माण कर्ताहरूले नै आ-आफ्ना स्वार्थका निम्ति विभिन्न विध्वंसतात्मक कार्यमा लगाइदिएको पाइन्छ । जसको कारण बालबच्चाहरूको कलिलो दिमागमा ठेस पुगी सडकसम्म भौतारिन पनि बाध्य भएको पाइन्छ । घर परिवार, समाज, समुदाय र समग्र राष्ट्रपतिको कर्तव्य पालन, बोध गराउने खालका नीतिनियमको अभावले गर्दा र हाल विकसित मूलुकले फालेका नकारात्मक, विकृतिजन्य क्रियाकलापहरूको नक्कली कारणले गर्दा समग्र राष्ट्र ठूलो समस्यामा जकडिएको पाइन्छ (KC, 2010)।

सन् २००१ मा गरिएको जनगणना सम्बन्धी प्रतिवेदनले बालश्रम सम्बन्धी गरिएको सर्वेक्षणमा १०-१४ वर्ष समुहमा झण्डै ३० लाख बालबालिकाहरूमा जम्मा ६ लाख ५ हजार बालश्रममा संलग्न रहेको कुरा उल्लेख गरिएको छ । उपरोक्त प्रतिवेदनमा उल्लेखित तथ्याङ्क अनुसार करिब १६-१८ क्षेत्रहरूका बालबालिकाहरूले जिविकाको निमित्त श्रम गरिएको कुरा प्रस्तुत गरिएको छ । जस अनुसार कृषि तथा वनमा ४ लाख २५ हजार, कारखानामा ४० हजार, उर्जामा २० हजार, घरेलु सेवामा ११ हजार, थोक तथा खुद्रा व्यापारमा ९ हजार,

निर्माणमा ९ हजार बालबालिकाहरूश्रम गर्दछन् । बालश्रम सम्बन्धी कानुनी प्रावधान अनुसार १४ वर्ष मुनिका बलाबालिकाहरूको लागि श्रममा लगाउन बन्देज गरेको छ । १५, १६ वर्षका समुहका बालबालिकाहरूलाई भने विहान ६ बजे पछि बेलुकी ६ बजेसम्म हरेक ३ घण्टाको लगातार श्रम पछाडी आधा घण्टाको फुर्सद र आराम पाउने गरी गरिने श्रमलाई वैद्य भनेको छ । तर हाम्रो देशमा १० वर्षमुनिका १० औँ हजार बालबालिकाहरूश्रम शोषणमा परेका छन् । यस बाहेक नेपालमा झण्डै १ लाख २७ हजार बालबालिकाहरू गलैचा, प्लाष्टिक, फोहोर संकलन, घरेलुश्रम, देहव्यापार इत्यादिमा बालश्रमीकको रूपमा जिविका निर्वाह गरिरहेका छन् ।

सन् २००४ को मे १०-१३ सम्म इटालीको फ्लोरेन्समा इतिहास मै पहिलो पटक बालश्रमिक श्रमको विश्व भेला सम्पन्न भयो । बालश्रम विरुद्ध विश्वयात्रामा मुख्य आयोजक रहेको उक्त कार्यक्रममा नेपाल लगायत विश्वका विभिन्न देशहरूबाट ३०० जना भन्दा बढी बालश्रमिकहरूको सहभागिता रहेको उक्त विश्वभेलाको अन्त्यमा हामी वर्तमान हो र हाम्रो आवाज भविष्य भन्ने उद्घोषण साथ बालबालिकाहरूको घोषणापत्र जारी गरेको थिए । त्यो बालबालिकाहरूले केबल शान्तिको लागि समेत आह्वान गरेका थिए ।

"बालबालिका" को विकासको चरणलाई ज्यादै महत्वको हिसाबले हेरिएको हुन्छ । सबैलाई अवगत भएकै कुरा हो की बालबालिकाको शुरुको चरण देखि नै नयाँ समाजको संरचना, विकास, नयाँ संस्कार र सभ्यताहरूले उचाई लिदै आएको पाइन्छ । तसर्थ प्रत्येक राज्य, समाज र परिवारमा "बालबालिका" को अवस्था चरणलाई विशेष महत्वको हिसाबले हेरिनुपर्छ र जैविका गन्तव्यसँगै सामाजिक गन्तव्यलाई पनि त्यस्तै महत्वका साथ हेरिनुपर्छ । किनकी मानिस भनेको जैविक मात्र नभई सामाजिक तत्वहरूको समिश्रण पनि रहेको एउटा उच्चतम प्राणी हो । जैविक प्रक्रियाको सु-सम्पन्नताका एउटा बालक बोल्न सक्छ, आफ्ना सोचहरू अगाडी बढाउन सक्छ । अनुभवहरूहासिल गर्न सक्छ, जैविक विकाससँगै समाजमा घुलमिल हुन सक्छ । उमेरको विकाससँगै समाज र राज्यसँग पनि सम्बन्ध बढ्दै जाने हुन्छ, तसर्थ मानवमा "बालबालिका" भनेको एउटा केन्द्रिय उत्पतिको प्रकृति, अपरिहार्यता, मानवीय सन्ततीको निरन्तरता, प्रगति, विकास र सभ्यताको प्राणी हो ।

अन्तराष्ट्रिय श्रम संगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं. १३८ बालश्रम सम्बन्धिको ज्यादै महत्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । यस महासन्धीले रोजगारीमा प्रवेशका निम्ति न्यूनतम उमेरको हद तोक्नुको साथै कामको प्रकृति अनुसार उमेरको हद

पनि फरक-फरक तोक्न सक्ने अधिकार राज्यपक्षलाई प्रदान गरिएको छ । तथापी यसरी उमेरको हद तोक्दा सम्बन्धित रोजगारदाता तथा कामदारहरू र सम्बन्धित संस्थाहरूसँग सल्लाह गरेर तोक्नुपर्ने व्यवस्था गरेको छ । यस महासन्धिमा बालश्रमको प्रभावकारी उन्मुलनका लागि राष्ट्रिय नीतिनिर्माण गरी काम गर्ने न्यूनतम उमेरलाई क्रमिक रूपले बढाउँदै बालबालिकाहरूको शारीरिक तथा मानसिक रूपले पूर्ण सक्षम हुने उमेरसम्म पुऱ्याउनुपर्ने व्यवस्था गरिएको छ । सन् १९७३ मा पारित यो महासन्धिलाई हालसम्म नेपाल लगायत १३५ राष्ट्रहरूले अनुमोदन गरिसकेका छन् । यस महासन्धिलाई नेपालले ३० मे १९९७ मा अनुमोदन गरेको हो ।

यस्तै नेपाल अधिराज्यको संविधान २०४८ को भाग ४ धारा २६ को उपधारा ९ मा अनाथ बालबालिकाको सम्बन्धमा उल्लेख गरिएको छ । यसै धारालाई आधार मानेर वि.सं. २०४८ सालमा बाल ऐन तर्जुमा गरी वि.सं २०५० साल वैशाख १ गते देखि सो ऐन लागु हुने व्यवस्था गरिएको थियो ।

समयको परिवर्तनसँग बाल अधिकारको विषयमा हाम्रो समाज अब बिस्तारै सलबलाउन थालेको छ । सन् १९८९ मा पारित बाल अधिकार महासन्धी बालबालिकाको अधिकार पैरवी गर्न थाल्यो भने महिला विरुद्ध हुने सबै प्रकारको विभेद विरुद्धको महासन्धीले न्याय, समानता र स्वतन्त्रताको कुरालाई जबरदस्त उठाउन थालेको छ । खासगरी सन् १९९५ मा पारित बेइजिङ्ग घोषणापत्र तथा कार्यनीति र त्यसको कार्यान्वयन सम्बन्धी अनुगमन र समिक्षाले बालबालिकाहरूको हक अधिकार अभियानले सामाजिक रूपान्तरणको क्षेत्रमा योगदान भइरहेको महसुस गरिएको छ । तर जबसम्म बालबालिका विरुद्ध परि लक्षित हिंसा, यौनशोषण, देहव्यापार, बालविवाह, बालश्रम, शोषण र बालक्षमता जस्ता कुराहरूमा उल्लेख्य न्यूनता आउन सक्दैन, तबसम्म बालबालिकाहरूलाई सामाजिक रूपान्तरणको अंशको रूपमा विकास गर्न सजिलो हुने छैन ।

बालबालिकाहरू माथि हुने शोषण वा दुर्व्यवहारले बालविकास र संरक्षणलाई मात्रै नभएर सिङ्गो समाजलाई नै नकारात्मक असर पार्दछ । बालअधिकार सम्बन्धी महासन्धि लगायत अन्य कतिपय अन्तराष्ट्रिय कानुनहरूले यस्ता कुराहरूलाई गैरकानुनी वा बालअधिकारको उल्लंघन भएको मानिन्छ । बालअधिकार सम्बन्धी उठिरहेको आवाजहरूले पक्कै पनि यस किसिमको प्रवृत्तिलाई नियन्त्रण गर्न सदुपयोग पुऱ्याउने छ । यद्यपि विश्वमै बालबालिका माथि हुने शोषण र दुर्व्यवहारहरू व्यापक रूपमा रहेको छ, यस्तो हुनुमा

एकातिर राज्य वा सरकारहरूले आफ्ना प्रतिवद्धताहरू पुरा गर्न नसक्नु हो, भने अर्कोतिर समाजमा विद्यमान गलत सामाजिक चिन्तन रहेको छ ।

## १.२ समस्याको कथन

आजका बालबालिका भोलिका निम्ति राष्ट्रका जिम्मेवार नागरिक हुने हुँदा यस्ता बालबालिकाको भविष्य निर्माणका निम्ति पहिले नै सोच्नुपर्ने आवश्यकता हुन्छ । बालबालिका भनेका एउटा काँचो माछो हो, जसलाई चाहे अनुरूपको अवस्थामा ढाल्न सकिन्छ । जसरी कुमालेको चक्रमा काँचो गिलो माटोलाई उसको इच्छा अनुरूपको साधन निर्माण गर्न जान्छ त्यसरी नै यस्ता साना बालबालिकाको सिकाईमा पनि तिनीहरूलाई जस्तो वातावरण दियो उस्तै बन्ने हुँदा भोलीका दिनमा बालबालिकाहरूबाट ठूलो प्रतिफल प्राप्त गर्नको निमित्त सुरुदेखि नै सही मार्ग निर्देशन गर्नु जरुरी छ ।

एकातर्फ अहिलेको विश्वपरिवेशमा विश्वव्वणपीकरण, आधुनिकीकरण, साँस्कृतिकरणले गर्दा हाम्रो पारस्परिक रूपबाटै समुन्नत हुँदै आएको समाजमा खलल पुग्न गएको पाइन्छ । अर्कोतर्फ आफ्नो समाज सँस्कृति अनुरूपको सकारात्मक कुराहरूलाई त्याग्दै आफुबाट समुन्नतको बाटो खोज्नु भन्दा पनि अर्काको नक्कल गरी विकास आधुनिकताको आफ्नो समाज सँस्कृतिसँग मेल नखाने खालका क्रियाकलापहरू भित्रिदै आएको पाइन्छ । विकसित राष्ट्रहरूले सहजताको नाउँमा आफ्नो धर्म, संस्कार साथै उत्पादन र खाफ अल्पविकसित गरिबी राष्ट्रमा फिजाउँदै जानु तिनै वस्तुहरूमा परनिर्भरता बन्दै जानुले उनीहरूको जालमा फस्न पुगेको पाइन्छ । जसले गर्दा धार्मिक द्वन्द्व, जातीय द्वन्द्व, वर्गीय द्वन्द्व, सामाजिक द्वन्द्व, राजनैतिक अस्थिरता उत्पन्न भएको पाइन्छ । अत्याधिक सुखसयल, भोगविलासको लालसाले गाउँका मानिसहरू शहरतिर स्थानान्तरण गर्नु एकातर्फ छदै छ भने अर्कोतर्फ गरिबी, बरोजगारी, राजनैतिक अस्थिरताले गर्दा गाउँ घरमा जिवन बिताउन गाह्रो अवस्था भएको छ । अनेकौं बिगा जमिनहरू बाँझोमा परिणत हुँदै गएका छन् । लोभ प्रलोभनले राष्ट्रिय नीति फितलो भएका कारणले कयौं विदेशी संघसंस्थाहरू खोली बाहिर उदारभाव देखाउने मनसायले करोडौं डलर खर्च गरी धर्म प्रचारप्रसारको साथसाथै मिलेर बसेको समाजलाई तहसनहस बनाउने वातावरण सिर्जना भएको पाइन्छ । जसमा परिवार, समाज, राष्ट्रप्रतिको माया मोहमा कम हुँदै गएको पाउन सकिन्छ (सुवेदी, २०६८) ।

नेपालमा अनाथ बालबालिकाको हकहितको लागि जति पनि सरकारी तथा गैरसरकारी संस्थाहरू छन् । तिनीहरूले दु:खी अनाथहरूको समस्यालाई समाधान गर्ने प्रयास गरिएता पनि कुनै ठोस तय गर्न नसक्नुको साथै बालबालिकाहरूको समस्या उत्तिकै रहेको देखिन्छ । यसै क्रममा अनाथ बालबालिकाहरूको समस्यालाई केही मात्रामा समाधान गर्नका लागि काठमाण्डौको संगम चोकमा अवस्थित छहारी अनाथ बालआश्रम र नयाँ नेपाल केन्द्र बालआश्रमले अनाथ बालिकाहरूको अनिश्चित भविष्यलाई निश्चित दिशा दिई देशको लागि कर्मठ योग्य नागरिक बनाउँदै उद्देश्यले सञ्चालन हुँदै आएको छ । के कस्तो परिस्थितिमा राखिएका छन् अनाथलयको भौतिक संरचना, व्यवस्थापकीय पक्षको सविधा, अनुदान, सहयोग जस्ता कुराको अध्ययन गरेर त्यसको बारेमा उपयुक्त सुझाव तथा सल्लाह तयार गरिनेछ । साथै यसको कमजोर पक्षको समाधानको उपाय खोज्नुपर्ने, समस्थाको मूल पक्ष हो । साथै यस अनाथाश्रममा कस्तो सामाजिक, आर्थिक र पारिवारिक पृष्ठभुमिका बालिकाहरू आइपुग्छन् र तिनीहरू कुन परिस्थितिमा अनाथालयमा आइपुगे र उनीहरूको अनाथालयको अवस्थाको बारेमा वास्तविक तथ्यलाई खोतलेर बुझ्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

असंरक्षित बालबच्चाहरूको जगेर्ना गर्ने, उनीहरूको हक अधिकारलाई कुण्ठित हुनबाट जोगाउने हेतुले थुप्रै बाल आरक्षण केन्द्र र संघसंस्थाले कार्य गर्दै आएका छन् । यस्ता बालबालिकाको अवस्थाको बारेमा थुप्रै अध्ययनहरू भएका छन् । जस्तोकि बच्चाको हेरचाह र सामाजिकिकरण शीर्षकमा (Adhikari, 2067), समुदायद्वारा पोखराका सडक बालबालिकालाई सचेतना सम्बन्धी अध्ययन (Basnet, 2009), नेपालका घरमा राखिएका बाल श्रमिकको सामाजिक-आर्थिक अवस्था पत्ता लगाउनु एक घटना अध्ययन, पोखरा उपमहानगरपालिकाका वडा नं. ७, ८ (Chhetri, 2014), सडक बालबालिकाको सामाजिक-आर्थिक अवस्था बुझ्नु पोखराको एक घटना अध्ययन (Kirti, 2011), सडक बालबालिकाको अवस्था एक अध्ययन, बुटवल नगरपालिका (KC, 2010), शोध अध्ययन रहेका छन् भने त्यस्तै छहारी बाल आश्रम र नयाँ नेपाल समाज केन्द्र बाल गृहमा बालबालिकाहरू के कति कारणले आउँछन् । त्यस्ता बालगृहमा संरक्षण लिनुपर्ने कारणहरूको पहिचान गर्न एवम् संरक्षित भइसकेका बालबालिकाहरू कसरी पुनस्थापित हुन्छन् भन्ने सन्दर्भमा शोध अध्ययन नभएको कारण यस्ता बालबालिकाको संरक्षकत्व भूमिका निभाउने यस बालगृहमा आश्रित बालबालिकाहरूको सामाजिक पृष्ठभूमि साथै बालगृह आउनुपूर्व र पश्चातको अवस्था पहिचान गर्नका लागि यो अध्ययन गर्न खोजिएको हो । यस्ता असंरक्षित बालबालिकाहरूलाई

बालगृहमा संरक्षण दिन किन आवश्यक पर्‍यो ? कस्तो कस्तो समस्याका बाबजुत बच्चाहरू बालगृहमा आइपुग्छन् ? के कारणले गर्दा यस्ता असंरक्षित बालबच्चाहरूको वृद्धिदर बढ्दै गएको छ ? बालगृह आउनुपूर्व र पश्चातको अवस्था कस्ता रहेको छ ? भन्ने मुख्य समस्याहरूलाई केलाउनका निम्ति यो अध्ययन गर्न खोजिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

अनाथालयमा जुनसुकै जात, धर्म र समुदायका बालबालिकाका लागि आश्रय दिइने गरिन्छ । यसै अनुरूप यस अनाथालयमा पनि विभिन्न सामाजिक पृष्ठभूमिबाट आएका बालबालिकाहरूलाई उचित संरक्षण दिइने गरिन्छ । त्यस्तै अनाथ बालबालिकाहरूको विषयमा दिनप्रतिदिन विभिन्न समस्याहरू उत्पन्न भइरहेका छन् साथै ति बालबालिकाहरूले भोग्नुपरेका विभिन्न समस्याहरूको बारेमा पनि चर्चा परिचर्चा नभएको होइन । तसर्थ यस अनुसन्धानात्मक अध्ययनमा विभिन्न समस्याको अध्ययन गर्ने उद्देश्य राखिएको भएतापनि प्रमुख उद्देश्यहरू निम्नानुसार छन् :

क) आश्रित बालबालिका अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु ।

ख) बालबालिकाहरू सो गृह आउनुपूर्व एवम् पश्चातको अवस्था पहिचान गर्नु ।

## १.४ अध्ययनको महत्व

काठमाण्डौ जिल्लामा रहेको छहारी बालआश्रम र नयाँ नेपाल केन्द्र बालआश्रमद्वारा सञ्चालित बालगृहले विगतदेखि निरन्तर रूपमा अनाथ तथा असहाय बालबालिकाको संरक्षण तथा पूर्नस्थापना गरी ३३ अर्ध टुहुरा बालबालिकालाई छात्रवृत्ति, महिला सशक्तिकरण तथा हस्तकला लगायत अन्य क्रियाकलापहरू गरी सामाजिक उत्थानमा योगदान पुर्‍याउनु सफल भएको र मुख्य रूपमा असहाय बालबालिकाको उत्थानको निमित्त उल्लेखनीय योगदान गरेकोले यस क्षेत्रको अध्ययन गर्न जरुरी भएको हो । मुख्यतया यस अध्ययनमा बालबालिकालाई के कसरी संरक्षण दिँदै आएको छ ? निरिह बच्चाहरूको संरक्षणको लागि बालगृहले कस्तो योजना बनाएको छ ? संरक्षण पूर्व र पश्चात् बालबालिकाहरूको अवस्था कस्तो रहेको छ ? आदि अध्ययन नै प्रमुख महत्वका विषयहरू बन्नेछन् । यस्ता बालबालिकाहरूको संरक्षणले सामाजिक संरचनामा कस्तो टेवा पुर्‍याउँदछ र सामाजमा “बालबालिकाहरूले बाच्न पाउने नैसर्गीक अधिकार” भन्ने उक्तिलाई सार्थक तुल्याउने कार्य

गरेको छ या छैन भन्ने तर्फ केन्द्रित रहेको छ । उक्त बालआश्रमले समाजमा पुऱ्याएको सेवाले सम्पूर्ण मानव जगत लगायत सरकारी, गैरसरकारी, निजी संघसंस्था, उद्योगी व्यापारी लगायत जोकोहीलाई पनि यी कलिला मष्तिष्कका बच्चाहरूको भविष्य सम्बन्धी भावी योजना बनाउन मद्दत पुग्दछ ।

## १.५ अध्ययनको सीमा

अनाथ बालबालिकाहरूको क्षेत्रमा अध्ययन गर्ने विभिन्न निकायहरू भएतापनि यो अध्ययन काठमाण्डौ महानगरपालिका संगम चोक वडा नं. १० मा अवस्थित २ वटा बालगृह छहारी बालआश्रम र नयाँ नेपाल समाज केन्द्र बालआश्रममा आश्रित बालिकाहरूमा मात्र सिमित रहेको छ ।

## १.६ संगठनात्मक ढाँचा

यस अध्ययनको पहिलो अध्यायमा सम्बन्धित शोध अध्ययनको परिचय दिइएको छ । दोस्रो अध्यायमा शोध अध्ययनलाई प्रष्ट्याउनको निम्ति पूर्व साहित्यको अध्ययन अनुसन्धान समावेश गरिएको छ । शोध अध्ययन कहाँ र कसरी गर्ने, कुन अनुसन्धान पद्धती अपनाउने भन्ने जानकारी तेस्रो अध्यायमा गरिएको छ । त्यस्तैगरी चौँथो अध्यायमा अध्ययन क्षेत्रको परिचय साथसाथै उत्तरदाताको सामाजिक पृष्ठभूमि केलाइएको छ । पाँचौ अध्यायमा संरक्षित बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि पत्ता लगाउनु र छैँटौ अध्यायमा बालबालिका सो गृहमा आउनुपूर्वको अवस्था र आए पश्चातको विश्लेषण गरिएको छ । अन्तिम अर्थात सातौ अध्यायमा समग्र शोध अध्ययनको सारांश, मुख्य उपलब्धिहरू र निष्कर्षका आधारमा सम्बन्धित पक्षलाई सुझाव समेत दिइएको छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ बाललबालिका सम्बन्धी ऐतिहासिक पृष्ठभूमि

### २.१.१ विश्वमा बालबालिकाको अवस्था

बालबालिका जन्मनुपूर्व तथा जन्मेपश्चात् १८ वर्ष पुरा नभएसम्म आवश्यक पर्ने सबै आधारभुत आवश्यकता तथा अवसरहरू प्राप्त गर्ने कानुनी हैसियतलाई नै बाल अधिकार भनिन्छ । संसारमा हुने जुनसुकै प्राकृतिक तथा मानव सृजित विपत्तिको पहिलो शिकार भने बालबालिका नै हुने गरेका छन् । सन् १९६० तिरको दशकतरि विश्वमा झण्डै २ करोड बालबालिकाहरूले आफ्नो पाँचौ जन्मदिन मनाउन पाउँदैनथे । हाल यो संस्था घटेर १ करोड भन्दा कम भैसकेको छ (बालबालिकाको आवाज, २०१२) ।

विश्वव्यापीकरण सञ्चालन गरिएका पोलियो, दादुरा, भिटामिन ए जस्ता कार्यक्रमहरूको सफलताले बालबालिकाको स्वास्थ्य स्थितिमा सुधार ल्याउन मद्दत गरेको हो । स्वच्छ खानेपानीको उपलब्धतामा सरसफाइको अवस्थामा सुधार आएको छ । शिक्षाको विकाससँगै आम मानिसहरूमा आएको चेतनाले निराशजनक तथ्याङ्कहरू घटाउँदै लगेकाछन् । विश्वमा अझै पनि धेरै बालबालिकाहरूनिमोनिया र झाडापखलाबाट ज्यान गुमाउन बाध्य छन् । बालमृत्युको ५० प्रतिशत स्थान त कुपोषणले नै लिइरहेको छ । गर्भावस्था र प्रसुतीको समयमा उचित स्याहार र हेरचाहको अभावमा कयौँ आमा तथा नवजात शिशुको मृत्यु संख्याले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युको झण्डै ४० प्रतिशत हिस्सा ओगटेको छ (बालबालिकाको अवस्था, २०१२) ।

विश्वमा बालबालिकाहरूको अवस्थाको बारेमा सन् २०१२ मा युनिसेफले तयार गरेको एक अध्ययनको तथ्याङ्कलाई तालिका २.१ बाट विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : विश्वमा बालबालिकाको अवस्था**

| जनसंख्या सम्बन्धी सुचकहरू | विश्व | द. यसिया | नेपाल |
|---|---|---|---|
| १८ वर्ष मुनिका जनसंख्या (सन् २०१०) | २२०११८००० | ६१२६४९०००० | १२८७४०००० |
| ५ वर्ष मुनिका जनसंख्या (सन् २०१०) | ६३,३९,३३००० | १७५१४५००० | ३५०६००० |
| बाल मृत्युदर ५ वर्ष मुनिका (सन् २०१०) | ५७ | ६७ | ५० |
| बाल मृत्युदर १ वर्ष मुनिका (सन् २०१०) | ४० | ५२ | ४१ |
| बाल मृत्युदर २८ दिन भित्रको (सन् २०१०) | २३ | ३३ | २८ |
| मातृ मृत्युदर प्रति एक लाख | २६० | २९० | ३८० |
| जिवित जन्ममा (सन् २००८) | | | |
| तालिम प्राप्त स्वास्थ्य कर्मीको | ६७ | ४८ | १९ |
| सहायता शिशु जम्नेको दर | | | |
| २००६-२०१० | | | |

*स्रोत : विश्वमा बालाबालिकाको अवस्था २०१२, युनिसेफ*

माथिको तालिका २.१ बाट सन् २०१० को तथ्याङ्क अनुसार विश्व, दक्षिण एसिया र नेपालको सन्दर्भमा १८ वर्ष र ५ वर्ष भन्दा मुनिको बालबालिकाहरूको जनसंख्या उल्लेख गरिएको छ । त्यस्तैगरि ५ वर्ष र १ वर्ष मुनिका लगायत २८ दिन भन्दा कमका बाल मृत्युदर प्रष्ट पारिएको छ। यस तथ्यको अलवा मातृ मृत्युदर प्रति एक लाख जिवित जन्ममा र तालिम प्राप्त स्वास्थ्य कर्मीको सहायताबाट शिशु जन्मेको दर पनि प्रष्ट्याइएको छ।

साना-साना असहाय बालबालिकाहरूको बाच्न पाउने अधिकारलाई ध्यानमा राखी बालश्रममा परेका, जन्मेको ठेगाना नै नखुलेको, १५ वर्ष भन्दा मुनि र १८ वर्ष भन्दा मुनि विवाह गरी बसेका विश्वभरिको बालबालिकाको युनिसेफले निकालेको तथ्याङ्कलाई तलको तालिका २.२ मार्फत प्रतिशतमा प्रस्तुत गरिएको छ।

**तालिका २.२ : बाल संरक्षण (प्रतिशतमा)**

| जनसंख्या सम्बन्धी सुचकहरू | | विश्व | द. एसिया | नेपाल |
|---|---|---|---|---|
| बालश्रम (प्रतिशतमा) (२०००-२०१०) | बालिका | १६ | १२ | ३८ |
| | बालक | १७ | १३ | ३० |
| जन्मदर्ता (०-५) वर्ष (२०००-२०१०) | | ५१ | ३६ | ३५ |
| १५ वर्षको उमेरभित्र भएको बालविवाह (२०००-२०१०) | | १२ | १८ | १० |
| १८ वर्षको उमेरभित्र भएको बालविवाह प्रतिशतमा (२०००-२०१०) | | ३५ | ४६ | ५१ |

*स्रोत : विश्वमा बलाबालिकाको अवस्था २०१५, युनिसेफ*

### २.१.२ नेपालमा बालबालिकाको अवस्था

वि.सं. २०५८ को जनगणना अनुसार जनसंख्या वृद्धिदर २.२५ प्रतिशत प्रतिवर्ष रहेको छ । सन् २०६८ को जनसंख्या अनुसार १४ वर्ष भन्दा कम उमेरका बलाबालिकाको संख्या १,०१,६८,९७५ मध्येको ३५.५७ प्रतिशत हो । (नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०६८)

नेपालको जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २००६ अनुसार कुल जन्मदर ३.१ प्रति महिला रहेको छ भने १ वर्षभन्दा कम उमेरका शिशुहरूको मृत्युदर ४८ प्रति हजार र ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर ६१ प्रति हजार रहेको छ । स्थानीय विकास मन्त्रालयका अनुसार वि.सं. २०६६ सालमा कुल ५,२५,७१५ जना बालबालिकाको जन्मदर्ता भएको तथ्याङ्क छ । जसमा २,४६,३६९ (४६.८६%) बालक र २,७९,३४६ (५३.१%) बालिका रहेकाथिए । वि.सं. २०६८ सालको जनगणनाको प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ रहेको छ । जुन तथ्याङ्क अनुसार समग्र मुलुकको ठूलो जनसंख्याको हिस्सा बालबालिका र युवायुवती रहेको प्रमाणित गर्दछ । सन् २००१-२०११ को अवधिमा बालबालिकाको जन्मदर ४-१ बाट घटेर २.६ भएको छ(CBS, 2012)।

### २.१.३ नेपालमा बाल संरक्षण सम्बन्धी नीति

बालबालिका सम्बन्धी आधुनिक इतिहास धेरै लामो छैन । प्राचीन नेपालमा कानुनी संरचना हिन्दु दर्शनमा आधारित थियो । साँस्कृतिक रूपबाट नै नेपाली समाजमा बालबालिकाले एउटा खास प्रकारको स्थान र व्यवहार पाउथे । संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धीलाई नेपालले अनुमोदन नगरुन्जेलसम्म नेपालमा बालबालिकाका लागि कुनै खास कानुन थिएन । सन् १९९० मा महासन्धीको कानुन अनुमोदन गरेपछि नै बालबालिका सम्बन्धी कानुन बनाउन शुरुवात भयो । बालबालिका सम्बन्धी ऐन २०४८ नेपालको पहिलो कानुनी दस्तावेज हो । जसमा बाल अधिकार र उनीहरूको हितसम्बन्धी विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ । यो बाहेक अन्य विभिन्न सहयोगी कानुनहरू मुलुकी एने २०२०, बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६, बालन्या कार्यविधि नियमावली २०६३, मानव बेचबिखन तथा ओसारपोसार ऐन २०६४, हेरक हिंसा (कसुर र सजाय) ऐन २०६६ रहेका छन् । बाल अधिकारको सम्बन्धमा नेपालको अन्तरिक संविधान २०६३ ले महत्वपूर्ण स्थान राखेको पाइन्छ । जसबाट बालबालिकाको हित, संरक्षण र विकासमा महत्पवूर्ण योगदान पुऱ्याएको पाइन्छ । बाल संरक्षण र हितका लागि नेपाल सरकारले १० वर्षीय कार्ययोजना (२००४/०५-२०१४/१५), बालश्रम सम्बन्धी गुरुयोजना (२००४, २०१४), सबैका लागि शिक्षा, राष्ट्रिय कार्ययोजना (२००१-२०१५) आदि हुन् । त्यसैगरी बालबालिका सम्बन्धी कानुन, योजना, नीति र कार्यक्रम आदिको कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रिय बाल कल्याण समिति स्थापना गरिएका छन् ।

नेपाल सरकारले बाल संरक्षणलाई अत्यन्त प्राथमिकताको क्षेत्रमा राखेको छ । केही कानु, नीति र कार्यक्रमहरू वा संरक्षणको विषयलाई सम्बोधन गर्न निकै कोसिस भएकाछन् । सरकारबाट प्रयास हुँदाहुँदै पनि बाल संरक्षणका कार्यक्रममा प्रशस्तै समस्या देखिएका छन् । नेपाल त्यस्तो मुलुकहरूमा पर्छ, जहाँ बालश्रम सर्वत्र व्याप्त छ । सम्पूर्ण बालबालिका मध्ये करिब ४०% बालबालिका अर्थ उपार्जनको लागि काम गर्छन्, ती मध्ये आधार जसो अथवा त्यसको ५०% बालबालिका बालश्रम छन् र ३९% जोखिमपूर्ण काममा संलग्न छन्(विश्व श्रम संगठन र केन्द्रिय तथ्याङ्क विभाग, २०११) ।

## २.१.४ बालबालिकाको अवस्था

हाल धेरै बालबालिका परिवार बिहित अवस्थामा परिसकेका छन् र तिनीहरू बाबुआमाको हेरचाह र परिवारको संरक्षणबाट बञ्चित छन् । केही बालआश्रम बालबालिकाको हेरचाह, संरक्षण र आश्रयका लागि संस्थागत रूपमा स्थापना भएका छन् । नेपालमा त्यस्ता संस्था करिब १,००० को संख्यामा छन्, जसमा करिब १५,००० बालबालिका राखिएका छन् (CBS, 2012) धेरैजसो बालबालिकाहरू माथि गरिने दुर्व्यवहार र शोषण आश्रम दिइरहेका व्यक्तिहरूबाटै गरिएको तथ्याङ्क पनि पाइन्छ । यसरी संरक्षित व्यक्तित्वहरूबाट नै बालबालिका माथि घरेलु हिंसा हुने दुर्व्यवहार हुने हुँदा यस्ता जानकारीहरू मुस्किलले मात्र बाहिर आउँछन्, जुन तथ्याङ्क लिन कठिनाई परेको पाइन्छ । सचेतनाको अभावले बालबालिका माथि उचित हेरचाह पुऱ्याउन नसक्नाले बालबालिकामाथि बाबुआमाले गर्ने क्रियाकलाप, गरिबी, खाद्य, असुरक्षा कमजोर आर्थिक स्थितिले गर्दा विभिन्न क्षेत्रबाट बालबालिकामाथि गरिने दण्डहिनताका व्यवहारहरू पनि घरेलु हिंसा अन्तर्गत पर्दछन् । त्यस्तैगरि विद्यालयहरूमा अनुशासनको नाममा दिइने शारीरिक दण्ड पनि हिंसाको प्रमुख कारण हो, (युनिसेफ, २०११) बाल संरक्षणको क्षेत्रमा बालबालिकामाथि हुने दुर्व्यवहार एक गम्भीर समस्या हो । यौन दुर्व्यवहारका घट्नाहरू निकै नै डरलाग्दा छन् । इन्सेकको प्रतिवेदन रहेका थिए र तीमध्ये ११ जना बालिका र महिला बलात्कार पछि मारिए । यसरी यौज दुराचारका घटना बालक भन्दा बालिका माथि भएको तथ्याङ्क छ ।

## २.१.५ बालबालिका सम्बन्धी संरक्षण गर्ने संस्था एवम् निकाय

बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक सामाजिक नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकरात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बाल संरक्षण हो । बाल संरक्षण कार्य अन्तर्गत बालबालिका माथि हुने वा हुनसक्ने हानीहरू एवम् उनीहरूलाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक लगायतका पक्षहरूमा पर्नसक्ने सबै खालका आघातहरूबाट जोगाउन गरिने जोखिमको पहिचान तथा रोकथाम, पीडित बालबालिकाको उद्धार, स्वास्थ्य तथा मनोसामाजिक स्याहार, पुर्नस्थापना र पीडकलाई कानुनको दायरामा ल्याउने लगायतका कार्यहरू पर्दछन् । बालबालिकालाई नकारात्मक अनुभव दिने सबै कारक तत्वहरूबाट जोगाउनुपर्ने हुन्छ ।

त्यसको लागि उनीहरूलाई मुख्यत भेदभाव, दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, गाली, कुटपिट, यातना, यौन तथा श्रम शोषण, जोखिमपूर्ण काम, युद्ध, बेचबिखन, ओसारपोसार, वेवास्ता, कुलन, लागूपदार्थको दुर्व्यसन आदिबाट जोगाइ कानुनी संरक्षण दिलाउनुपर्ने हुन्छ । बालबालिकाको अधिकार प्राप्तीको सन्दर्भमा व्याख्या गर्दा यिनै नकारात्मक कुराहरू देखी बालबालिकालाई गरिएको संरक्षणलाई मुख्य रूपमा हेरिनुपर्दछ ।

केही मानिसहरू सडकमा बालबालिकाहरूलाई माया/सहानुभुतिको व्यवहार गर्दैनन् । सडकसम्म आउनु उनीहरूको इच्छाको कारणले नभई आफ्ना बाबाुआमाको पहिचान नभएको, बाबुआमाले छोराछोरी माथि उत्तरदायित्व बहन गर्न नसक्नाले अति गरिबी, बाबुआमाको झगडाको कारण, सौतेनी आमाको दुर्व्यवहार, द्वन्द्वपिडितको कारणले आउँछन् । मानिसहरू ख्याल गर्दैनन्, कि सडक बालबालिकाहरूले सामाजिक सद्भावमा असर पार्दछ भन्ने, तिनीहरू पनि सोही राष्ट्रका नागरिक हुन् । उनीहरू समाजबाट अपहेलित, एकलताको अस्थामा हुन्छन्, उनीहरूले विभिन्न व्यवहारहरू गर्न बाध्य हुन्छन् । जस्तै ; अपशब्द बोल्नु, चुरोट खाने, नसालु पदार्थहरू लिने, दुर्गन्धित चिजहरू सुघ्दै हिड्नु आदि । यसरी बालबालिकाहरू यस्तो अवस्थासम्म आउनुमा उनीहरूलाई पारिवारिक नैतिक शिक्षाको कमी, माया ममताको कमी, बालबालिकाको इच्छा माथि कुण्ठित हुनु, अभावको सृजना हुनुले सडक सम्म पुगेको भन्ने पाउन सकिन्छ (अधिकार, २००७) ।

बालबालिकाहरू बेसहारा, अनाथ हुन जानुमा बच्चाहरूको बाबुआमा दुवै नहुनु, सौतनी बाबुआमाको दुर्व्यवहार, साथीहरूको लहलहैमा हिड्नु, अधिक मात्रामा बालश्रमका कारण प्रमुख रहेको पाउन सकिन्छ (न्यौपाने, २०६७) ।

बालबालिकाको सामाजिकीकरणमा उसको परिवारको सामाजिक, साँस्कृतिकरणले प्रभाव पार्दछ । परम्परादेखि सिक्दै, भोग्दै नराम्रा संस्कारहरू जस्तै ; परिवारले बालबालिकाको लवाई, खवाई, आश्रय, व्यवस्थापन आदिमा परिवर्तन गर्न नसक्नु सामान्य आधारभुत आवश्यकता पनि पुरा गर्न नसक्नुले पुरानो संस्कारमा जरा गाडिनु, समय अनुसार समायोजन हुन नसक्नुले पनि बालबालिकामा निराशापन, दरिद्र भावना, सङ्किर्ण सोचाईको विकास हुन्छ । उसको दिमाग अगाडी पुरानै सोचको ठूलो पर्दाले उसलाई उम्कनै नसक्ने अवस्थाले पनि बालबालिकाहरू असंरक्षित बन्न पुग्दछ (क्षेत्री, २०१४) ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ बाल अधिकार सम्बन्धी सिद्धान्त

विश्वव्यापी रूपमा बाल अधिकार महासन्धीले मूलभुत रूपमा चार वटा सिद्धान्तहरू पारित गरेको छ । बाल अधिकार संरक्षण सम्वर्द्धनका लागि यी ४ सिद्धान्त मुख्य मार्गदर्शकको रूपमा रहेका छन् जन निम्नअनुसार रहेका छन् ।

**(क) सम्मान**

प्रत्येक बालक वा बालिका आफैमा एक विशिष्ट तथा मूल्यवान व्यक्तित्व हो र उ मानव समुदायको एक महत्वपूर्ण सदस्य हो । तसर्थ उसको व्यक्तिगत सम्मान तथा मर्यादा, उसका खासखास आवश्यकताहरू तथा गोप्यताको उचित सम्मान र संरक्षण गरिदिनुपर्छ ।

**(ख) भेदभाव रहित**

प्रत्येक बालक वा बालिकासँग उसको वा अभिभावकको वा कानुनी अभिभावकको वर्ण, जातजातीयता, रंग, लिङ्ग, भाषा, धर्म, राजनीति वा अन्य विचार, राष्ट्रियता, जातीय वा सामाजिक उत्पत्ति, क्षेत्रीयता, सम्पत्ति, अपाङ्गता तथा जन्म वा अन्य अवस्था लगायतका कुनै पनि कुराका आधारमा विभेद गर्न पाइने छैन । साथै सबै बालबालिकालाई माथि उल्लेखित अवस्थाहरूबाट पृथक रहेर स्वच्छ तथा सम्मान व्यवहार पाउने अधिकार छ ।

**(ग) बालबालिकाको सर्वोत्तम हित**

प्रत्येक बालबालिकालाई उसको सर्वेत्तम हितलाई पहिलो प्राथमिकता दिइएको पाउने अधिकार हुन्छ । यसको मतलब सार्वजनिक अथवा निजामति कल्याणकारी, सामाजिक संस्थाहरू, प्रशासनिक वा न्यायिक निकायहरूले बालबालिकासँग सम्बन्धित काम गर्दा बालबालिकाहरूको उच्चतम हितलाई प्राथमिकता दिनुपर्छ । बालबालिकाहरूको उच्चतम हितको सिद्धान्त वा प्रावधानले कुनै पनि बालक वा बालिकालाई सम्भावित सबै प्रकारका नकरात्मक अनुभवबाट उसको संरक्षणको अधिकार तथा उच्च स्तरको विकासको लागि चाहिने अवसरलाई समेट्छ ।

**संरक्षण**

प्रत्येक बालबालिकालाई बाँच्न पाउने तथा जीवन रक्षाको अधिकार छ र उसलाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, शारीरिक तथा यौनशोषण, भेदभाव, शारीरिक,

मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहार तथा वेवास्ताबाट संरक्षित हुने अधिकार छ । आवसीय बालगृहको हेरचाह वा संरक्षण्मा रहेका बालबालिका समेत संरक्षणको जोखिममा पर्न सक्ने हुनाले यसबाट जोगाउन विशेष उपायहरू अपनाउनुपर्छ ।

**सर्वाङ्गिण तथा सन्तुलित विकास**

प्रत्येक बालबालिकालाई सकेसम्म उच्च स्तरको सर्वाङ्गिण तथा सन्तुलित विकासको अवसर पाउने अधिकार छ । त्यसैगरी उसलाई आफ्ना शारीरिक, बौद्धिक, आत्मिक, नैतिक तथा सामाजिक वृद्धि र विकासका लागि पूर्ण अवसर सहितको उच्च स्तरीय जीवनयापन गर्न पाउने अधिकार छ । गम्भीर रूपमा आघातमा परेका बालबालिकालाई उसको स्वास्थ्य विकासको प्रत्याभुत गराउन सबै उचित कदमहरू चालिनुपर्छ ।

**(घ) बालबालिकाको विचार र भावनाको कदर**

प्रत्येक बालबालिकालाई उनीहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने विषयमा आफ्नो दृष्टिकोण, विचार तथा विश्वास, उनको आफ्नै शब्दमा स्वतन्त्र रूपमा प्रकट गर्न पाउने अधिकार छ । हरेक बालबालिकालाई उनीहरूको जीवनमा असर गर्ने हरेक निर्णयमा आफ्ना दृष्टिकोणहरू सहित योगदान पुऱ्याउने अधिकार छ । बालबालिकाको अभिव्यक्तिको अधिकार तथा निर्णयमा सहभागी हुन पाउने अधिकारलाई उसको बढ्दो क्षमता, उमेर, बौद्धिक विकासको सापेक्षतामा उचित स्वयम जिम्मेवारीपूर्ण ढङ्गमा सम्मान स्वयम कदर गरिनुपर्दछ ।

## २.२.२ बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको महासन्धी

संयुक्त राष्ट्रसंघको वडा पक्षमा घोषित सिद्धान्त अनुरूप वर्तमान महासन्धि राज्यपक्षहरूले मानव परिवारका सम्पूर्ण सदस्यहरूको समान तथा अखण्डनीय अधिकारहरूको मान्यता नै विश्व स्वतन्त्रता, न्याय र शान्तिको आधारशील हुन् भन्ने कुरालाई मनन गर्दै राष्ट्रसंघको आधारभूत सिद्धान्तहरू र मानव अधिकार सन्धीहरू तथा घोषणाहरूका केही निश्चित तथा सम्वर्द्धन प्रावधानलाई स्मरण गर्दै, बालबालिकाहरूको दयनीय अवस्थाको कारणले उनीहरूलाई विशेष स्याहार र संरक्षणको खाँचो पर्दछ भन्ने कुरा पुन समर्थन गर्छ र प्राथमिक स्याहार तथा परिवारको सुरक्षात्मक उत्तर दायित्व जन्मनु अगाडी र जन्मेपछि बालबालिकाहरूलाई आवश्यक पर्ने कानुनी र अन्य सुरक्षा र समुदायको

साँस्कृतिक मूल्यहरूप्रतिको आदर बालअधिकार साकार पार्नमा अन्तराष्ट्रिय सहयोगको प्रमुख भुमिका माथि विशेष जोड दिएको छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित बालअधिकार सम्बन्धी महासन्धि निम्न भागहरूमा निम्न कुराहरू व्याख्या विश्लेषण गरिएको छ ।

भाग-१ को धारामा कानुनद्वारा वयस्कताको उमेरको अन्य अवस्थामा गरेको बाहेक १८ वर्षलाई वयस्कताको उमेर मानिएको छ ।

धारा-२ मा बिना अपवाद सम्पूर्ण अधिकारहरूको सम्पूर्ण बालबालिकालाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनु राज्यको कर्तव्य हुनेछ । राज्यले कुनै पनि अधिकारको हनन गर्नु हुदैन बरु ती अधिकारहरूको प्रवर्द्धनका लागि सकरात्मक कार्य गर्नुपर्दछ ।

धारा-३ मा बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूका उच्चतम हितलाई मध्यनजर राख्नेछन् । बाबुआमा वा अन्य जिम्मेवार मानिसहरू बालबालिकाका हितमा काम गरेनन् भने राज्यले त्यस्ता बालबालिकालाई पर्याप्त स्याहार सम्भारका व्यवस्था गर्नुपर्दछ ।

धारा-४ मा महासन्धिमा उल्लेखीत अधिकारलाई वास्तविकता उर्तानु राज्यको दायित्व  हुनेछ ।

धारा-५ मा बालबालिकाको उदयोन्मुख क्षमताहरूसँग मेल खाने किसिमसँग मार्गदर्शन प्रदान गर्न बाबु आमा र ठूला परिवारको अधिकार र कर्तव्यहरूलाई मान्यता दिने राज्यको दायित्व हुनेछ ।

धारा-६ मा बाँच्न पाउने जन्मसिद्ध अधिकार बालबालिकाको दिर्घ जीवन र विकासप्रति राज्यको दायित्व ।

धारा-७ मा जन्मदेखि नाम राख्न र राष्ट्रियता प्राप्त गर्ने बालबालिकाको अधिकार ।

धारा-८ मा बालबालिकाको परिचयका आधारभूतका कुराहरू नाम, राष्ट्रियता र पारीवारिक सम्बन्ध, संरक्षण गर्ने र आवश्यकता अनुसार पुनः स्थापना गर्नु राज्यको दायित्व ।

धारा-९ मा बालबालिकाको सर्वोत्तम हितहरू विपरित हुने अवस्था बाहेक आफ्नो आमाबाबुसँग बसोबास गर्ने अधिकार, आमा वा बाबु दुवैबाट छुट्टिएमा सम्पर्क राख्न पाउने अधिकार राज्यको काम कारबाहीले गर्दा बाबुआमाबाट अलग हुन गएमा राज्यले निर्वाह गर्नुपर्ने दायित्व ।

धारा-१० मा पारीवारिक पुर्नमिलन हुन वा बाबुआमा र बालबालिकाको नाता कायम राख्नको निम्ति बालबालिकाले र निजको बाबुआमा कुनैले पनि मुलुक छाड्ने वा आफ्नो मुलुकमा प्रवेश गर्ने अधिकार ।

## २.३ पूर्व अध्ययनको समीक्षा

समुदायका सौतनी बाबुआमाहरूले साना बालबालिकाहरूलाई सहनै नसक्ने गाह्रो काम लगाउने, काम नगरेमा खानपान बन्देजको साथै अन्य लत्ताकपडाहरूको व्यवस्थामा पनि बन्देज गरिदिने, शिक्षाको अलवा सानै उमेरमा खानाको लागि काममा लगाउनाले बालबालिकाहरूले अत्यन्तै दुःखदायी पीडा सहनुपर्ने अवस्था हुन्छ । यसरी सानो मूल्यमा धेरै काम गर्नुपर्ने बाध्यताले उनीहरू सडकतिर भौतारिक बाध्य हुन्छन् (भट्टराई, २००२) ।

नेपाली सामाजिक परिवेशका ग्रामीण भेगका अति विपन्न परिवारका बालबालिकाहरू शहरमा प्रमुख क्षेत्र (काठमाण्डौ, पोखरा, विराटनगर, भैरहवा, नारायण धामका घर होटलमा काम गर्नु, सवारी साधनमा हिडडुल गर्नु, सामान लोड अनलोड गर्नु, अन्य जोखिमयुक्त कार्यमा लगाइनुले उनीहरूले उचित किसिमको शिक्षा, स्वस्थकर खाना, राम्रोसँग अङ्ग ढाक्ने कपडा आदिको अभावले वृद्धिदर उमेरमा नकरात्मक प्रभाव परिरहेको पाउन सकिन्छ । जसको कारण उनीहरू बढी असुरक्षित गैह्र जिम्मेवारी बन्न पुग्छन्(CWIN, 2006)।

मानिसहरू सडक बालबालिकाहरूलाई माया/सहानुभुतिको व्यवहार गर्दैनन् । सडकसम्म आउनु उनीहरूको इच्छाको कारणले नभई आफ्ना बाबाुआमाको पहिचान नभएको, बाबुआमाले छोराछोरी माथि उत्तरदायित्व बहन गर्न नसक्नाले अति गरिबी, बाबुआमाको झगडाको कारण, सौतेनी आमाको दुर्व्यवहार, द्वन्द्वपिडितको कारणले आउँछन् । मानिसहरू ख्याल गर्दैनन् कि सडक बालबालिकाहरूले सामाजिक सद्भावमा असर पार्दछ भन्ने, तिनीहरू पनि सोही राष्ट्रका नागरिक हुन् । उनीहरू समाजबाट अपहेलित, एकताको अवस्थामा हुन्छन् । उनीहरूले विभिन्न व्यवहारहरूगर्न बाध्य हुन्छन् जस्तोकी अपशब्द बोल्नु,

चुरोट पिउनु, नशालु पदार्थहरू पिउनु, दुर्गन्धित वस्तुहरू सुघ्दै हिड्नु आदि । यसरी बालबालिकाहरू यस्तो अवस्थासम्म आउनुमा उनीहरूलाई पारिवारिक, नैतिक शिक्षाको कमी, माया ममताको कमी, बालबालिकाको इच्छा माथि कुण्ठित हुनु, अभावको सृजना हुनुले सडकसम्म पुगेको भन्ने पाउन सकिन्छ (अधिकारी, २००७) ।

बालबालिका बेसहारा, अनाथ हुन जानुमा बच्चाहरूको बाबुआमा दुवै नहुनु, सौतेनी बाबुआमाको दुर्व्यवहार, साथीहरूको लहलहैमा हिड्नु, अधिक मात्रामा बालश्रमका कारण प्रमुख रहेको पाउन सकिन्छ (न्यौपाने, २०६७) ।

बालबालिकाको सामाजिकिकरणमा उसको परिवारको सामाजिक, साँस्कृतिकरणले प्रभाव पार्दछ । परम्परादेखी सिक्दै, भोग्दै नराम्रा संस्कारहरू जस्तोकि परिवारले बालबालिकाको लवाई, खवाई, आश्रय, व्यवस्थापन आदिमा परिवर्तन नर्ग नसक्नु, सामान्य आधारभूत आवश्यकता पनि पुरा गर्न नसक्नुले पुरा नै संस्कारमा जरा गाडिनु, समय अनुसार समायोजन हुन नसक्नुले पनि बालबालिकामा निराशापन, दरिद्र भावना, सङ्किर्ण सोचाईको विकास हुन्छ । उसको दिमाग अगाडी पुरानै सोचको ठूलो पर्दाले उसलाई उम्कनै नसक्ने अवस्थाले पनि बालबालिकाहरू असंरक्षित बन्न पुग्दछ (क्षेत्री, २०१४) ।

## २.४ अवधारणागत खाँका

**चित्र २.१**

**अवधारणागत खाँका**




यस अध्ययनमा मुख्य रूपमा बालबालिकाहरू अनाथ हुनाको कारणहरूमा गरिबी, बाबुआमा बिहिन, बाबुआमाको सम्बन्ध विच्छेद, पारिवारिक हिंसा, अशिक्षा, बेरोजगारी, जातजातीयता, बाबुआमाको पेसा, साथीसंगत, पारिवारिक बेजिम्मेवारीता, द्वन्द्वपिडित, दैविक प्रकोप जस्ता चरणहरू रहेका छन् । यस्ता संवेगात्मक रूपमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । जसको कारण बालबालिकाहरू अनाथ, बेसहारा भई कुकार्यमा लाग्ने, सडकमा भौतारिने, विभिन्न किसिमका दुर्व्यसनहरूमा फस्ने गरेको पाइन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

प्रथमत त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोध पुरा गर्नुपर्ने भएकोले शोधकर्ताले उद्देश्यमूलम नमूना छनौट विधि अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं. १० मा अवस्थित छहारी बालआश्रम र नयाँ नेपाल समाज केन्द्र नाम बालगृहलाई लिइएको छ । समुदायका समाजसेवी व्यक्तित्वहरूद्वारा खोलिएको यस बालगृहमा गरिब, असहाय, अनाथ बालबालिकाहरूको संरक्षण गरी उनीहरूको उचित खानपान, शिक्षादिक्षा दिनुका साथै विभिन्न जात, धर्म, वर्ग, क्षेत्र, संस्कृति, परिस्थिति उमेर र व्यवहारका बालबालिकाहरूलाई संयमित बनाई पारिवारिक शैलीमा बाल अधिकारको प्रत्याभूति सहित संरक्षण एवम् पुनस्थापित गरेकोले उक्त सामाजिक योगदानको अध्ययन गर्न शोधकर्तालाई उत्सुकता जागेकोले यस क्षेत्र छानिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस शोध अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचा उपयुक्त हुने देखिएकोले सोही पद्दतीको प्रयोग गरी लक्ष्य पहिल्याउने कार्य गरिएको छ । कुनै पनि सत्य तथ्य कुरालाई नजिकबाट जान्नको लागि वैज्ञानिक अध्ययन पद्दती अपनाउनु नितान्त आवश्यक देखिन्छ । अध्ययन क्षेत्रका अनाथ बालबालिकाहरूको सामाजिक, आर्थिक शैक्षिक र साँस्कृतिक अवस्थाको बारेमा अनुसन्धान गर्न अन्वेषणात्मक शोध प्रस्तावना विभिन्न पक्षहरूको विस्तृत वर्णन र विश्लेषण गरिएको छ ।

## ३.३ समग्र र नमुना छनोट

अध्ययनको उद्देश्य अनुरूप काठमाडौं महानगरपालिका, संगमचोक वडा नं. १० मा अवस्थित २ वटा आश्रम नयाँ नेपाल समाज केन्द्र र छहारी बालआश्रमलाई उद्देश्यमूलक नमूना छनौट विधिबाट छनोट गरिसकेपछि त्यस गृहमा संरक्षित कुल ७८ जना

बालबालिकालाई पूर्ण संख्या मानि अध्ययन विधिबाट अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत एवम् प्रकृति

यस अध्ययनलाई प्रभावकारी बनाउनका लागि प्रकृतिको आधारमा तथ्याङ्कहरू दुवै गुणात्मक र संख्यात्मकको प्रयोग गरिएको छ भने विश्वसनीय तथ्याङ्क स्रोतको रूपमा प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनको लागि स्थलगत अध्ययन गरिएको छ भने द्वितीय तथ्याङ्क स्रोतको लागि यस भन्दा अगाडि गरिएका अनुसन्धान प्रकाशित अप्रकाशित पुस्तक प्रतिवेदन लेख तथा विभिन्न संघ संस्था तथा निकायबाट प्राप्त गरी तथ्य संकलन गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलनको मुख्य साधनहरू मध्ये अर्न्तवार्ता, अनुसूची र अवलोकन मुख्य जानकार व्यक्तिहरूसँगको छलफल आदि प्राथमिक साधनलाई प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली अनुसूची

शोध अध्ययनको निम्ति अर्न्तवार्ता विधिलाई मुख्य विधिका रूपमा दृष्टिगत गरी अनाथ, बेसद्वारा बालबालिकाको सामाजिक पृष्ठभुमिको साथै उक्त अनाथाश्रम बालबालिकाहरूको गृह प्रवेश पुर्व र पश्चात्को अवस्थाबारे यद्यपि जानकारी लिनको लाीग अर्न्तवार्ता अनुसूची तयार गरी सम्बन्धित बालबालिकाहरूबाट जानकारी लिइएको छ । सूचीमा उत्तरदाताका सामाजिक पृष्ठभूमि (नाम, थर, ठेगाना, लिङ्ग, उमेर, जात, धर्म र शिक्षा) थाहा पाउनको लागि आवश्यक बन्द र खुल्ला प्रश्नहरू तयार गरिएको छ । आवश्यकता अनुरूप उक्त बालआश्रमका सञ्चालकहरूसँग पनि जानकारी लिइएको छ ।

### ३.५.२ अवलोकन

अनुसन्धानकर्ताले अनुसन्धान गर्ने विषयमा केन्द्रित रहेर कुनै पनि विषयलाई व्यवस्थित तरिकाले नियाल्दछ भने त्यसलाई अवलोकन भनिन्छ । अवलोकनमा अनुसन्धानकर्ताको आफूले प्रत्यक्ष रूपमा देखेको बालबालिकाहरूका अन्तरसम्बन्ध बुझ्न

उनीहरूको व्यवहार, क्रियाकलाप, गतिविधिलाई बुझ्नको लागि साथै अनुसन्धानमा आवश्यक पर्ने सूचनाहरूलाई संकलन गर्न अवलोकन विधि अपनाइएको छ ।

#### ३.५.३. मुख्य जानकार व्यक्तिसँग छलफल

बाल संरक्षण सम्बन्धी जानकारीको लागि बालआश्रममा संलग्न रहेका सम्बन्धित व्यक्तिहरूलाई बाल संरक्षण विषय अन्तर्गत रही ती व्यक्तित्वहरूको भनाईहरू समेटिएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

कुनै पनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्दछ । तसर्थ यस बालगृहमा संरक्षित बच्चाहरूबाट प्रस्फुटित कोरा तथ्यहरूलाई वैज्ञानिक रूपबाट व्यवस्थित गरी तालिकाको प्रवृत्ति अनुसार वर्गीकरण एवम् विश्लेषण गरिएको छ । तथ्यहरूको प्रकृति हेरेर गुणात्मक तथ्यहरूलाई पनि आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण गरिएको छ । संख्यात्मक तथ्यलाई आवश्यकता अनुसार तालिकीकरणद्वारा स्पष्ट पारी तथ्याङ्कहरूको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय एवम् अनाथ बालबालिकाको जनसाङ्ख्यकिय विवरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

"सेवा नै धर्म हो" भन्ने उद्देश्यका साथ यस संस्थाहरूको सथापना भएको हो । आज भन्दा करिब १२ वर्ष अघि वि.सं. २०६४ सालमा नयाँ नेपाल समाज केन्द्र र वि.स. २०६७ मा छहारी बाल आश्रम त्यस क्षेत्रका समाजसेवी तथा व्यवसायीहरूको पहलमा संस्थापक कृष्णराज गुरुङ्ग (चिफ) र मिना गुरुङ्गको अगुवाईमा स्थापना भएको हो । केही असाहाय तथा अनाथ बालबालिकाहरूलाई संरक्षण प्रदान गर्ने तथा समाजमा आवश्यक अन्य सामाजिक गतिविधिसंचालन गर्ने उद्देश्यका साथ स्थापित यस संस्थाहरूले कयौं मानिसहरूको जीवनमा परोक्ष रूपमा सकारात्मक परिवर्तन ल्याउन सफल भएको पाईन्छ । दुवै बाल संरक्षित संस्थाहरूले आफ्ना मुख्य कार्यक्रमहरूमा (१) छात्रवृत्ति सहयोग कार्यक्रम (२) पारिवारिक आत्मनिर्भर कार्यक्रम (३) महिला सशक्तिकरण कार्यक्रम (४) गाउँघर क्लिनिक (५) कोष संकलन सम्बनिध कार्यक्रम (६) अन्य विविध कार्यक्रमहरू रहेकाछन् ।

### ४.१.१बालगृहमा गरिने कार्यक्रमहरू

(क) **वार्षिक कार्यक्रम** :

बालगृहको मुल शिक्षा मानवता, माया तथा सहयोगको भावनालाई आतमासाथ गरी वर्षभरी दैनिक कार्य तालिका अनुरूप बालबालिकाहरू परिचालित, बालबालिकासँग छलफल गरी त्रैमासिक खाना तालिका बमोजिम पौष्टिक आहार प्रदान गरिन्छ । बालबालिका तथा कर्मचारीहरू समेतको संलग्नतामा नियमित सरसफाई कार्यक्रम सम्पन्न गरिदैं आएको पाइन्छ । त्यस्तैगरी बालबालिकाहरूलाई नृत्य, कम्प्युटर कक्ष, अंग्रेजी कक्ष अनि सम्बन्धित कक्षा आदि त्यस्तै स्वस्थ रहनको लागि नियमित योगा, शारीरिक अभ्यास स्वास्थ्य परीक्षण गरिने गरिन्छ । त्यस्तै भरि मनोरञ्जन तर्फ आर्कटिङ, टेलिभिजन, फिलिमहरू ज्ञानबर्धक डकुमेन्ट्री र वर्षमा एकपटक सधै भ्रमण पनि गर्ने गरिन्छ । त्यस्तै खेलकुद तर्फ फुटबल, टेबलटेनिस, चेस, भलिबल, क्यारम बोर्ड, लुडो, लगायत अन्य इन्डोर र आउटडोर

क्रियाकलापहरू हुने गर्दछ । प्रतिभा प्रस्फुटन कार्यक्रम बालबालिकाहरू द्वारा साप्ताहिक रूपमा संचालन हुने प्रतिभा प्रस्फुटन कार्यक्रम जसमा नृत्य, नाटक, चुटकीला, गायन, उद्घोषण, वक्तृत्वकलामा सहभागी गराई कार्यक्रम बालबालिकाद्वारा सामाजिक दायित्व बोधको लागि आफ्नो आसपासका क्षेत्रहरूमा त्रैमासिक रूपमा सरसफाई कार्यक्रम साथै अन्य तालिम गोष्ठी तथा बालबालिका र दुर्व्यवहार जनचेतनामूलक कार्यक्रममा सहभागी गराएको पाइन्छ, । बालबालिकाहरूलाई समाजका सदस्यहरूसंग पनि घुलमिल गराउने ( समाजिकरण) उद्देश्यले वर्षमा १ पटक आफ्नो घर वा नातेदारकोमा पढाउने र शैक्षिक भ्रमणको योजनाहरू पनि ल्याउने भनेको पाइन्छ । शैक्षिक विदाका दिनहरूमा विशेष कार्यक्रम तालिका बनाई बालबालिका पहिचान तथा व्यवस्थापन जिम्मेवारी पुर्ण बहन गरी वर्षभरिका हरेक चाडपर्व मनाउने तथा संसकृतिको बारेमा जानकारी दिने कार्य पनि गरिन्छ ।

**ख) छात्रवृति कार्यक्रम :**

यस संस्थाहरूले निरनतर रूपमा छात्रवृति कायृक्रम अन्तर्गत स्थापना कालदेखी नै दुइटा, अर्ध दुइटा बालबालिकाहरूलाई सहयोग गरी आईरहेको विभिन्न वर्षहरूमा विभिन्न संघसस्थाहरू, निजी विद्यालयसंग सहकार्य स्वयं हातेमालो गरी गरिब र जेहेन्दार बालबालिकाहरूलाई छात्रवृति दिने कार्य गरिसकेको छ । त्यस्तै गरी कमजोर बालबालिकाहरूलाई सरकारी स्कुललाई सहकार्य गरी आवश्यक पर्ने ड्रेस, मोजा सम्पूर्ण स्टेशनरी सामाग्री, किताब, झोला, दशौ कपडा तथा केही खर्च, यातायात खर्च र औषधी उपचार विद्यालयमा लाग्ने सम्पूर्ण खर्च संस्थाले जुटाउँदै आएको पाइन्छ ।

**ग) कोष संकलन सम्बन्धी**

यस कार्यक्रम अन्तगृत संसथाको आन्तरिक तथा बाध्य स्रोतहरूको पहिचान तथा कोष संकलन विविध कार्यक्रमहरू गरेको छ, जसका लागि स्वदेशी तथा विदेशी विशेषज्ञहरूबाट नियमित सहयोग रहेको छ । त्यस्तै गरि संस्थागत वेव साइटलाई अपडेट तथा प्रचारप्रसार, नियमित न्युज, सामान्य भेटघाटको लागि आउने विदेशीहरूलाई कोष संकलनको लागि प्रस्तावहरू डकुमेन्ट्री निर्माण तथा पोस्ट गर्ने गरिन्छ । यसका साथै हात निकायका प्रतिनिधिहरू तथा उहाँहरूको सर्कलमा रहेको विदेशीहरूलाई नेपाल भ्रमणको निम्तो दिनेहरू व्यवस्थापनमा आवश्यक सहयोग गर्ने तथा अन्य विविध उपायहरूको

अवलम्वन गरि संस्थागत कोष संकलनको कार्य गरिएको थियो । जसले गर्दा उक्त व्यक्तिहरूले संस्थागत कोष संकलनमा सहयोग तथा अन्य विविध उपायहरूको अवलम्बन गरि स.स्थागत कोष संकलनको कार्य गरिएको थियो उक्त व्यक्तीहरूले संस्थागत कोष संकलनमा सहयोग तथा संस्थागत कोष संकलनमा सहयोग तथा संस्थाप्रति आवद्ध भई दिर्गकालिन सहयोगीको रूपमा विविध सहयोग गर्दै आएको पाइन्छ ।

**घ) अन्य विविध**

**१. वार्षिक साधारणसभा सम्पन्न**

यस आश्रममा हरेक वर्ष आफ्ना बालबालिकाहरू, कार्यकारीहरू, कार्य समिती पदाधिकारीहरू तथा सल्लाहकारहरका विच हर्षउल्लासका साथ आफ्नो भवनमा सम्पन्न गरिन्छ ।

**२) विविध मनोरञ्जनात्मक कार्यक्रम**

हरेक वर्ष झैं यस वर्ष पनि नेपालमा मनाइने मुख्य-मुख्य चाडपर्वहरू सम्पूर्ण कर्मचारी, कार्य समितीका पदाधिकारीहरू आयोजना गरि मनाइएको पाइयो । जसमा मुख्यत - रक्षाबन्धन, जन्माष्टमी, तिज, वडा दशैं, तिहार, क्रिसमस, होली, शिवरात्री, सरस्वती पुजा, नयाँ वर्ष आदि ।

### ४.१.२ बालगृहमा संरक्षित बालबालिकाको अवस्था

नयाँ नेपाल समाज केन्द्र र छहारी बालआश्रम, काठमाडौं, ३४, संगमचोक, बानेश्वरमा संचालित विभिन्न जात, धर्म, वर्ग, क्षेत्र, सांस्कृतिक, परिस्थिति, उमेर र व्यवहारका बालबालिकाहरूलाई संयमित बनाई पारिवारिक वातावरणमा सम्पूर्ण बालअधिकारको प्रत्याभूति सहित संरक्षण गर्नु संस्थाले प्रमुख दायित्व लिईएको पाईयो । हाल कुल ७८ जना बालबालिकाले संरक्षण पाईरहेका छन् ।

## ४.२ संरक्षित बालबालिकाको सामाजिक जनसांख्यिक विवरण

### ४.२.१ लिङ्ग

हाम्रो धार्मिक, सामाजिक, परम्पारिक अनुसार लैङ्गिक दृष्किोणले छोराछोरीमा भेदभाव गरिए जस्तै यस जिल्लामा असंरक्षित बालबालिकाहरू मध्ये केटाको संख्याको तुलनामा केटीको संख्या बढी रहेको छ ।

**तालिका ४.१: उत्तरदाताको लिङ्गको अनुसार विवरण**

| लिङ्गको विवरण | संख्या | प्रतिशत% |
|---|---|---|
| महिला | ३६ | ४६.५% |
| पुरुष | ४२ | ५३.८५% |
| जम्मा | ७८ | १००% |

*श्रोत : स्थलगत अध्ययन सर्वेक्षण,२०७६*

माथिको तालिका ४.१ अनुसार कुल ७८ जना संक्षिप्त उत्तरदाता बालबालिकाहरूमध्ये पुरुषको संख्या ४२ जना रहेको पाइन्छ भने महिलाको संख्या ३७ रहेको पाइन्छ । माथिको तालिकामा तुलनात्मक हिसावले हेर्दा पुरुष र महिलाको संख्यामा व्यक्ति भिन्नता नयाँ पनि सामाजिक, सांस्कृतिक दृष्टिकोणले हेर्दा छोराछोरी बढी घरेलु हिंसाको चपेटामा पर्नाले संरक्षित बालगृहमा छोरीको संख्या बढी छ ।

### ४.२.२ धर्म

मानिसलाई कर्तव्यबोध गराउने र नैतिक निष्ठावान गराउने एक प्रमुख माध्यम धर्म हो । कुनै पनि धर्म मानिसलाई कुभलो हुने कार्य गर्न सिकाउदैन । त्यसैले हरेक मानव एक न एक धर्ममा आस्थावान भएको पाइन्छ । हाम्रो समाज प्राचिन, सामाजिक, सांस्कृतिक, धार्मिक, पारम्पारिक पद्दतिमा आधारित छ । सामाजिक, धार्मिक, मूल्यमान्यता अनुसार अनुशरण नगर्नु वा कुबाटो, कुसंस्कार, अंगाल्नु भनेको धर्मको विपरित कार्य गर्नु हो । अययन क्षेत्रको रूपमा लिउको यस आश्रममा संरक्षित रहेको बालबालिकाहरूको धार्मिक आस्था अनुसारको संलानलामा तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.२: उत्तरदाता बालबालिकाको धर्म अनुसार विवरण**

| धर्म | विवरण संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५७ | ७३.०७ |
| क्रिस्चियन | २१ | २६.९२ |

| | | |
|---|---|---|
| जम्मा | ७८ | १०० |

*श्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७६*

तालिका ४.२ मा कुल दुईवटै बालगृहमा संरषित बालबालिकाहरू कुल ७८ जनाको अत्याधिक मात्रामा हिन्दु, धर्ममा आस्था वा ६५ जना बालबालिकाहरू रहेको पाइयो, भने क्रिस्चियन धर्ममा २१ बालबालिका रहेको पाइयो ।

**४.२.३जात/जातियता**

नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषाभाषी र सांकृतिक भएको एक फुलबारी हो । प्रत्येक जातजातियता अनुसारका कर्महरू हुन्छन् । नातागोता, जन्म, विवाह, मृत्यु संस्कार पनि जातजातियता अनुसार फरक पाइन्छ । कतिपय जातजातीमा अनुसार सामाजिक उत्तरदायित्व बहन गर्न कठोरता छ भने कतिपय जातजाति धर्ममा सामाजिक, उत्तब्रदायित्व साह्रै लचकता पनि छ । बढी कठोरता र लचकताले पनि बाबु आमाले आफ्नो बालबालिकाहरूप्रति जिम्मेवारीमा फरकपना गरेको पाइन्छ । बढ्दो आधुनिकिता, गर्भ पतनमा छुट र सम्बन्ध सिवच्छेद एवम् पर्नु विवादमा सहजताले गर्दा पनि आमाबुबाको सम्बन्धमा तिक्तता आउछ । बालबालिकामा संवेगात्मक, मानसिक रूपमा दवाब पर्न जान्छ । जात अनुसार संरक्षित अनाथ बालबालिकाहरूको विवरण तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ः उत्तरदाता बालबालिकाको जात अनुसार विवरण**

| **जात** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| ब्राम्हण/क्षेत्री | ६१ | ७८.२० |
| जनजाती | १२ | १५.३८ |
| दलित | ५ | ६.४२ |
| जम्मा | ७८ | १०० |

*श्रोतः स्थलगत अध्ययन सर्वेक्षण, २०७६*

तालिका ४.३ अनुसार कुल ७८ जना बालबालिकाहरूमध्ये सबैभन्दा बढी ब्राम्हण, क्षेत्री परिवारका रहेका छने भने १२ जना जनजाती र ५ दलित रहेका छन् । उक्त

तालिकाबाट के– स्पष्ट हुन्छ भने हाल दलित र जनजाती भन्दा ब्राम्हण, क्षेत्री परिवारका बालबालिकाहरू बढी असंरक्षित हुन पुगेको पाइयो ।

### ४.२.४कक्षा

अनाथ बालबालिकाहरूको लागि संरक्षित यी दुई नायँ नेपाल समाज र.छहारी बालआश्रममा संरक्षित बालबालिकाहरूलाई “शिक्षाको ज्योतिबाट वञ्चित हुन नपरोस, शिक्षा लिने बालबालिकाको नैसर्गिक अधिकार” भन्ने उद्घोषणका साथ यस बालगृहले संरक्षित बालबालिकाहरूलाई समय सापेक्ष सुहाउदो अन्य बालबालिकालाई शिक्षा दिने काम गरेको छ । जुन तालिका अनुसार प्रष्ट पारिएको छ ।

**तालिका ४.४: उत्तरदाता बालबालिकाको कक्षा अनुसार विवरण**

| कक्षागत विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| नर्सरी –४ सम्म | ४३ | ५५.१२ |
| कक्षा ५– १० सम्म | ३३ | ४२.३० |
| एस.इ.ई. भन्दा माथि | २ | २.५६ |
| जम्मा | ७८ | १०० |

*श्रोत: स्थलगत अध्ययन सर्वेक्षण, २०७६*

तालिका ४.४ अनुसार ७८ जना अनाथ बालबालिकाहरू मध्ये कक्षा १–४ सम्म अध्ययनरत बालबालिका अत्याधिक मात्रामा रहेको पाइयो । भने ५–१० सम्म ३३ जना र एसइइ भन्दा माथी पढ्ने जम्मा २ जना हरको छ ।

यस तथ्याङ्कबाट के स्पष्ट गर्न सकिन्छ भने उमेरगत होस या कक्षागत हिसावले हास सबैभन्दा बढी बालबालिकाहरूले अनाथ या बेसहाराको महशुस गर्ने बेला भनेको आफू अलि जान्ने बुझ्ने उमेर भनेको नै ११–१५ वर्षभित्र हो यस्तो उमेरगतका बालबालिकाहरू धेरै जसो कक्षा ५ दे खि १० दिने भित्र नै पर्दछन् । यस्ता समुहका बालबालिकाहरू बुझ्ने अवस्थाका भएपनि आफ्नो कुरामा बढी मात्रामा अड्डी लिनेभविष्यको लागि न्यून सोधार,

तत्काल व्यवस्थामा मात्र उनिहरू बढी लाग्ने हुदाँ बालबालिकाहरूलाई बढी मात्रमा संरक्षकत्वको खाँचो पर्ने बेला नै यही समयमा हुन जान्छ ।

### ४.२.५जन्मस्थान

अनाथ बालबालिकाको लागि संरक्षित यी दुई संख्यामा बालबालिकाहरूलाई "शिक्षाको ज्यातिबाट वन्चित हुन नपरोस, शिक्षा लिने बालबालिकाको नैसर्गिक अधिकार हो" भन्ने उद्घोषणका साथ यस बालगृहले संरक्षित बालबालिकाहरूलाई समय, सुहाउदो र अन्य बालबालिका सरह शिक्षा दिक्षा दिने काम गरेको छ । जुन तालिका अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.५: उत्तरदाता बालबालिकाका जन्मस्थान अनुसार विवरण**

| कक्षागत विवरण | संख्या | प्रशित |
|---|---|---|
| कालिकोट | १७ | २१.७९ |
| देलेख | १३ | १६.६६ |
| सिन्धुपाल्चोक | १२ | १५.३८ |
| सिन्धुली | १३ | १६.६६ |
| तेह्रथुम | ८ | १०.२५ |
| जनकपुर | ५ | ६.४१ |
| सर्लाही | १० | १२.८२ |
| जम्मा | ७८ | १०० |

*श्रोत: स्थलगत अध्ययन सर्वेक्षण, २०७६*

तालिका ४.५ अनुसार कुल ७८ जना अनाथ बालबालिकाहरू मध्ये सबैभन्दा धेरै कालिकोट पाइयो भने अन्य जिल्लाका क्रमशः सिन्धुपाल्चोक १२, दैलेख १३, सिन्धुली १३, तेह्रथुम ८, जनकपुर ५ र सर्लाही १० जना रहेका छन् ।

# अध्याय पाँच

# आश्रित बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमी

यस अध्यायमा मुख्य गरी बाल आश्रममा आश्रित बालबालिकाहरूको सामाजिक पृष्ठभूमि जस्तो उनीहरूको आमाबाबा, उनीहरूको पारिवारीक स्थिति, बाबाआमाको संलग्नता, आर्थिक स्थितिबारे व्याख्या एवम विश्लेषण गरिएको छ ।

## ५.१ बालबालिकाहरू अनाथ हुनुको सामाजिक पृष्ठभूमि

### ५.१.१ बाबाआमा भए नभएको अवस्था

यस बाल आश्रममा संरक्षित बालबालिकाहरूको बाबाआमा/अभिभावकको रूपमा रहेका वा बाबाआमा, अभिभावक गुमाएका तथ्याङ्क तालिका ५.१ मा प्रस्तुत गरिएको छ :

**तालिका ५.१ : उत्तरदाता बालबालिकाको बाबाआमाको अवस्था**

| बाबाआमा | संख्या | प्रतिशत |
|---|---|---|
| दुवै नभएको | ३३ | ४२.३० |
| आमा मात्र भएको | २२ | २८.२० |
| दुवै भएको | १२ | १५.३८ |
| बाबा मात्र भएको | ११ | १४.१० |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

माथिको तालिका ५.१ मा कुल ७८ जना संरक्षित उत्तरदाता बालबालिकाहरू मध्ये अधिकांश ३३ जना (४२.३० प्रतिशत) बालबालिकाका बाबाआमा गुमाएका अथवा संरक्षक अभिभावक नभएको पाइयो भने आमा मात्र हुने पनि अत्याधिक नै २२ जना (२८.२० प्रतिशत) रहेको पाइयो । बाबाआमा दुवै हुने १२ जना (१५.३८ प्रतिशत) रहेको र बाबा मात्र हुने ११ जना (१४.१० प्रतिशत) रहेको पाइयो । उक्त तथ्याङ्कबाट अत्याधिक बालबालिकाको संरक्षकतत्वको अभावमा बालबालिकाहरू अलपत्रको अवस्थामा परेको पाइन्छ ।

### ५.१.२ आमा नभएको कारण

यस बाल आश्रममा संरक्षित बालबालिकाहरू मध्ये आफूलाई जन्म दिने आमा नभएको कारण आफू अनाथ भएको बताउँछन् । आमा नहुनुको कारण तालिका ५.२ बाट स्पष्ट पारिएको छ :

**तालिका ५.२ : उत्तरदाता बालबालिकाको आमा नहुनुको कारण**

| आमा नभएको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| मृत्यु भएर | २३ | २९.४८ |
| अन्तै विवाह गरी गएको | ११ | १४.१० |
| बाबासँग छोडपत्र गरी बसेको | ९ | ११.५३ |
| थाहा छैन | ३५ | ४४.८७ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ५.२ मा संरक्षित बालबालिकाको आमा नभएका कुल ७८ जना बालबालिकाहरू आमा नहुनुको कारण थाहा छैन भन्ने अत्याधिक धेरै ३५ जना (४४.८७ प्रतिशत) रहेको पाइयो भने आमा नभएको कारण मृत्यु भएर भन्ने बताउने २३ जना ( २९.४८ प्रतिशत) रहेको पाइयो । त्यस्तैगरी अन्तै विवाह गरी र बाबासँग छोडपत्र गरी बसेको भन्नेमा क्रमश : ११ जना (१४.१० प्रतिशत) र ९ जना (११.५३ प्रतिशत) रहेको पाइयो । बालबालिकाको पहिलो शिक्षक आमाको नै देहवासन भए पश्चातको घटना, आमाले सँगैको बाबा छोडी अन्तै विवाह गरेमा र बाबासँग सम्बन्ध विच्छेद गर्दा यसको प्रत्यक्ष असर साना-साना बालबालिकाको मनस्थितिमा नै आँच पुग्न जान्छ । जसको कारण उचित संरक्षकत्वको अभावको कारण बालबालिकाहरू बेसहारा बन्न पुग्दछन् ।

### ५.१.३ बाबा नभएको कारण

यस आश्रममा संरक्षित बालबालिकाहरू मध्ये आफूलाई जन्म दिने बाबा नभएको कारण बालबालिकाहरूले आफू अनाथ भएको बताउँछन् । बाबा नहुनुको कारण तालिका ५.३ बाट स्पष्ट पारिएको छ :

**तालिका ५.३ : उत्तरदाता बालबालिकाको बाबा नहुनुको कारण**

| बाबा नभएको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| मृत्यु भएर | २७ | ३४.६१ |
| आमाले अर्को बिहे गरेर | ९ | ११.५३ |
| वैदेशिक रोजगारबाट नफर्केर | ७ | ८.९७ |
| थाहा छैन | ३५ | ४४.८७ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ५.३ मा संरक्षित बालबालिकाको बाबा नभएका कुल ७८ जना बालबालिकाहरू मध्ये बाबा नहुनुको कारण थाहा छैन भन्ने ३५ जना (४४.८७ प्रतिशत), आमाले अर्को बिहे गरेको भन्ने ९ जना (११.५३ प्रतिशत) रहेको पाइयो भने वैदेशिक रोजगारबाट नफर्केको र मृत्यु भएर भन्नेमा क्रमशः ७ जना (८.९७ प्रतिशत) र २७ जना ( ३४.६१ प्रतिशत) रहेको पाइयो । बालबालिकाको मुख्य संरक्षण गर्ने व्यक्तिको मृत्यु हुँदा संरक्षकको अभाव सृजना हुनु यसको प्रत्यक्ष असर बालबालिकाहरूमा पर्दछ । मुख्य संरक्षकको अभाव बालबालिकाको लालनपालनमा नै समस्या आउनुले गर्दा उनीहरू बेसहारा बन्न पुग्दछन् ।

### ५.१.४ पारिवारीक आर्थिक स्थिति

मानिसहरूलाई स्वच्छ जीवनयापन जीउनको लागि सबैभन्दा पहिला आर्थिक स्थिति राम्रो हुनुपर्दछ, तब मात्र मानिसका जीवनयापन सरल हुने गर्दछ । जब कुनै मानिसको आर्थिक स्थिति राम्रो छैन भने उसको जीवन जीउने तरिकामा पनि बाधा आउने गर्दछ । त्यसकारण आर्थिक स्थितिले गर्दा मानिसको जीवन शैलीमा धेरै नै उतार चढाव आउने गर्दछ । त्यसैले आर्थिक स्थिति राम्रो हुनेको जीवनशैली राम्रो हुने गर्दछ तर आर्थिक स्थिति कमजोर हुनेहरूको जीवन पद्धती जीउनको लागि दुखदायी र कष्ठकर हुने गर्दछ ।

यस संस्थामा आश्रित बालबालिकाहरूको पारिवारीक आर्थिक स्थिति ज्यादै नै कमजोर भएको कारण यस संस्थामा आश्रित ज्यादै नै कमजोर हुनुको कारणले गर्दा

उनहिरूले आफ्नो बालबालिकाहरूलाई राम्रोसँग हेरचाह गर्न पनि नसक्ने स्थिति रहेकोले उनीहरूले आफ्ना बालबालिकाहरूलाई यस बाल आश्रममा राखेका छन् ।

यस आश्रममा आश्रित बालबालिकाहरू कुल ७८ जना रहेका छन् । त्यसमध्ये त्यहाँको सबै बालबालिकाहरूको पारिवारीक अवस्था ज्यादै नै कष्ठकर, कमजोर र ज्यादै गरिबी रहेको कारण बालबालिकाहरूले पाउने गास, बास, कपासको राम्रो व्यवस्था घरबाट पाउन नसकेको कारण उनीहरूलाई यस आश्रममा ल्याइएको पाइयो । साथै यस आश्रममा ति बालबालिकाहरूले व्यवस्थित तरिकाले आफ्नो जीवनयापन जीउने गरिएको पाइयो । साथै यस आश्रममा उनीहरूको भविष्य पनि राम्रो रहेको पाइयो ।

### ५.१.५ उत्तरदाता बालबालिकाको बाबाको पेशा

संरक्षित बालबालिकाहरूको बाबाले अपनाएको पेशालाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ :

**तालिका ५.४ : उत्तरदाता बालबालिकाको बाबाले अपनाएको पेशा**

| बाबाको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि तथा ज्याला मजदुरी | २३ | २९.४८ |
| भरिया | १३ | १६.६६ |
| व्यापार व्यवसाय | ९ | ११.५३ |
| थाहा छैन | ३५ | १४.१० |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ५.४ मा कुल ७८ जना उत्तरदाता बालबालिका मध्ये बाबाको पेशा अन्तर्गत कृषि तथा ज्याला मजदुरीमा आवद्ध रहेका सबैभन्दा बढी २३ जना (२९.४८ प्रतिशत) रहेको पाइयो । त्यसपछि क्रमशः भरिया, १३ जना (१६.६६ प्रतिशत) र ९ जना (११.५३ प्रतिशत) रहेको पाइयो । त्यस्तै थाहा छैनमा ३५ जना (४४.८२ प्रतिशत) रहेको पाइयो । उक्त तथ्याङ्कबाट स्पष्ट हुन्छ कि अत्याधिक बालबालिकाहरूले आफ्नो बुबा गुमाएको र थोरै मात्र बालबालिकाहरूको बाबुहरू पनि राम्रो आयस्रोतको पेशा (सरकारी,

निजी जागिर, व्यापार, व्यवसाय) मा नलागेकोले आफ्नो दिन चर्या बिताउन, आर्थिक स्रोत जुटाउनको निम्ति अत्यन्त धौधौ परेको पाइन्छ । जसको कारणले गर्दा परिवारको दिनचर्या सही किसिमबाट बित्न नसकी बेसहारा स्थिति पैदा भएको पाइन्छ ।

### ५.१.६ आमाको पेशा

संरक्षित बालबालिकाको आमाले अपनाएको पेशालाई तालिकाद्वारा प्रस्तुत गरिएको छ :

**तालिका ५.५ : उत्तरदाता बालबालिकाको आमाले अपनाएको पेशा**

| आमाको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २१ | २६.९२ |
| निजी जागिर | १३ | १६.६६ |
| व्यापार/व्यवसाय | ९ | ११.५३ |
| थाहा छैन | ३५ | ४४.८७ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ५.५ मा कुल ७८ जना उत्तरदाता बालबालिका मध्ये आफ्नो आमाले कृषि पेशा अगाल्ने जम्मा २१ जना (२६.९२ प्रतिशत) त्यस्तैगरी निजी जागिर खाने १३ जना (१६.६६ प्रतिशत), व्यापार व्यवसाय अगालेका ९ जना (११.५३ प्रतिशत) र थाहा छैन भन्ने बताउने ३५ जना (४४.८७ प्रतिशत) रहेको पाइयो । उक्त तथ्याङ्कबाट स्पष्ट हुन्छ की अध्याधिक बालबालिकाहरूले आफ्नो आमा गुमाएका र थोरै मात्र बालबालिकाको आमा भए पनि न्यून आयस्रोतले गर्दा आफ्नो दिनचर्या बिताउन, हातमुख जोर्नको लागि मुस्किल परेकोले परिवारको दिनचर्या सही किसिमबाट बित्न नसकी बेसहारा स्थिति पैदा भएको पाइन्छ ।

### ५.१.७ बालबालिकाहरूले आफ्नो परिवार छाड्नुको कारण

बालबालिकाहरूले आफ्नो परिवार छाड्नुको कारण आधुनिकरणको प्रभाव, गैर जिम्मेवारीपनबाट दम्पतीहरू या गैर दम्पतीहरू मनोरञ्जन लिप्त हुनु, सम्बन्ध विच्छेद,

दैविक प्रकोप, दीर्घरोग, परिवारमा विभिन्न घटनाहरू आइलाग्दा यसको प्रत्यक्ष असर साना-साना अबोध बालबालिकाहरूमा पर्ने हुनाले ती बालबालिकाहरू बाध्य भएर आफ्नो घर छाड्ने गर्दछन् । बालबालिकाहरू आफ्नो घरपरिवार छाड्नुको कारण तलको तालिका ५.७ बाट स्पष्ट पारिएको छ :

**तालिका ५.६ : बालबालिकाहरू आफ्नो घरपरिवार छाड्नुको कारण**

| घरपरिवार छाड्नुको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| कमजोर आर्थिक अवस्था | २० | २५.६४ |
| बाबा आमाको सम्बन्ध विच्छेद भएर | ९ | ११.५३ |
| आमाबाबा दुवैको मृत्यु भएर | ५ | ६.४१ |
| बाबाआमाको पहिचान नभएर | ७ | ८.९७ |
| सौतेनी आमाको दुर्व्यवहार सहन नसकेर (घरेलु हिंसा) | ४ | ५.१२ |
| दैविक प्रकोप | ५ | ६.४१ |
| थाहा छैन | ३५ | ४४.८७ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ५.६ अनुसार कुल ७८ जना उत्तरदाता बालबालिकाहरू मध्ये कमजोर आर्थिक स्थितिका कारण आफ्नो घर परिवार छाड्न बाध्य भएको भन्ने सबैभन्दा बढी २० जना (२५.६४ प्रतिशत) त्यसपछि बाबा आमाको सम्बन्ध विच्छेद पश्चात आफु अलपत्र परेको कारणले भन्ने ९ जना (११.५३ प्रतिशत), आमाबाबा दुवैको मृत्यु पश्चात संरक्षणको अभाव भन्ने ५ जना (६.४१ प्रतिशत), आमाबाबाको पहिचान नहुनु, सौतेनी आमाको दुर्व्यवहार, दैविक प्रकोप र थाहा छैन भन्ने क्रमश : ४ जना (५.१२ प्रतिशत), ५ जना ( ६.४१ प्रतिशत) र ३५ जना (४४.८७ प्रतिशत) रहेको पाइयो ।

मानिसको सामाजिक जीवनशैली, संस्कार, भाषा, धर्म र संस्कृति समाज अनुसार फरक फरक हुने गर्दछ । त्यसैले मानिसको समग्र जीवनशैलीलाई नै भुगोल एवम प्राकृतिक वातावरण अनुसार भिन्न हुने गर्दछ । तर हालको आधुनिकीकरण र विश्वव्यापीकरणले गर्दा यी कुराहरूलाई केही हदसम्म एकरूपता पार्न भने सकेको देखिन्छ । अहिलेको सामाजिक

पृष्ठभूमिमा यसको प्रभाव बढ्दो छ । जस्तै : आफ्नो सामाजिक मूल्यमान्यतालाई छोडी पश्चिमेली संस्कार संस्कृतिकरणले आधुनिकताको नाउँमा वेद दम्पतिहरू स-सानो पारिवारीक कलह, झैझगडाको निउमा सम्बन्ध विच्छेदका घटनाहरू जसका कारणले बालबालिकाको जिम्मेवारीबाट टाढा रहनु साथसाथै अवैद यौन सम्पर्कबाट जन्मेका या अलपत्र पारिएका बालबालिकाहरू दिन प्रतिदिन बढ्दै छन् । जसको मार प्रत्यक्ष रूपमा बालबीलकामा परेको पाइन्छ । त्यस्तैगरी बहुविवाह, बालविवाह, अनमेल विवाह, अन्तरजातिय विवाहबाट जन्मेका बालबालिकाहरू असंरक्षित हुने प्रक्रिया दिनप्रतिदिन बढ्दै गएको पाइन्छ ।

# अध्याय छ

# बालबालिकाहरूबालगृह आउनुपूर्व र पश्चातको अवस्था

यस अध्यायमा मुख्य गरी संरक्षित बालबालिकाहरूको बालगहृह आउनुपूर्वको अवस्था र बालगृह आए पश्चातको अवस्था साथै पुन स्थापित एवम उनीहरूको भविष्यको लक्ष्य सम्बन्धी व्याख्या एवम विश्लेषण गरिएको छ ।

## ६.१ परिवारबाट अलग पश्चात आश्रय लिएको स्थान

संरक्षित बालबालिकाहरू आफ्नो परिवारबाट अलग भए पश्चात आश्रय लिएको स्थानलाई तल तालिका ६.१ मा प्रस्तुत गरिएको छ :

**तालिका ६.१ : परिवारबाट अलग पश्चात आश्रय लिएको स्थान**

| परिवारबाट अलग पश्चात आश्रय लिएको स्थान | संख्या | प्रतिशत |
|---|---|---|
| आफन्तद्धारा संरक्षित (दाजु, भाउजु, मामाघर) | ३२ | ४१.०२ |
| अर्काको घर | २३ | २९.४८ |
| होटल | १० | १२.८२ |
| अन्य | १३ | १६.६६ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ६.१ मा अनुसार कुल उत्तरदाता ७८ जना मध्ये घर परिवार त्यागे पश्चात सबैभन्दा बढी ३२ जना (४१.०२ प्रतिशत) आफन्तजनबाट संरक्षित, सबैभन्दा न्यून १० जना (१२.८२ प्रतिशत) बालबालिका होटलमा काम गरी बिताएको पाइयो । त्यस्तै गरी घरमा काम गरेका २३ जना (२९.४८ प्रतिशत) रहेको पाइयो । अन्यमा र साथीभाइको लहलहैमा लाग्नु, कुलतमा फसी नकरात्मक क्रियाकलाप गर्नु १३ जना (१६.६६ प्रतिशत) रहेको पाइयो ।

## ६.२ बालगृह आउनुपूर्वको क्रियाक

असंरक्षित बालबालिकाहरू बाल अगाडी घर परिवारबाट अलग भई विभिन्न क्रियाकलापमा संलग्न पश्चात उनीहरू कहाँ, कस्तो कस्तो ठाउँमा के-के गरी दिन बिताउथे भनि तथ्य जानकारी लिएको अवस्थालाई तालिका ६.२ मा प्रस्तुत गरिएको छ :

**तालिका ६.२ : बालगृह पूर्वको क्रियाकलाप**

| बालगृह पूर्वको क्रियाकलाप | संख्या | प्रतिशत |
|---|---|---|
| आफन्तकोमा बसेको | १९ | २४.३५ |
| घर या होटलमा बालश्रम गर्नु | १० | १२.८२ |
| आफ्नै परिवार साथ रहनु | २९ | ३७.१७ |
| थाहा छैन भन्ने उत्तरदाता | २० | २५.६४ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ६.२ अनुसार बालगृहमा आउनु पूर्व बालबालिकाहरूको संलग्नतालाई हेर्दा अत्याधिक (३७.१७ प्रतिशत) आफ्नै परिवार साथ रहुन बढी पाइएता पनि घरको गरिबी, बाबाआमाको असहज सम्बन्ध, बाबाआमा या बाबा मात्र र आमा मात्र गुमाएपछि बालबालिकाहरू बेसहरा अंसरक्षित भएको पाइन्छ । राती होटलमा काम र घरमा काम गर्ने १० जना (१२.८२ प्रतिशत) रहेको पाइयो । बालगृह आउनु पूर्वको क्रियाकलाप थाहा छैन भन्ने बालबालिकाहरू २० जना (२५.६४ प्रतिशत) पनि धेरै भएता पनि यिनीहरू साना उमेरका जुन पहिलाको क्रियाकलाप बताउन नसक्ने पाइयो । आर्थिक कमजोरीको कारणले परिवारले नै बालगृहमा राखेको कुरा बताए ।

## ६.३ बालबालिकालाई बालगृहसम्म लाने सहयोगीहरू

अनाथ, बेसहारा, सडकमा जीउन बाध्य, कुलतमा लागेका अथवा आफ्नो परिवार गुमाइ सहारा नपाएका बालबालिकाहरूलाई संरक्षण या आश्रय स्थलसम्म पुऱ्याउन

उल्लेखनीय भूमिका बहन गर्ने परिवार, व्यक्ति, संघसंस्थाहरूको विस्तृत विवरण तलको तालिका ६.३ मा प्रस्तुत गरिएको छ :

**तालिका ६.३ : बालगृह लैजानेका निम्ति सहयोगीहरू**

| सहयोगीतादा | संख्या | प्रतिशत |
|---|---|---|
| प्रहरी प्रशासन मार्फत | २३ | २९.४८ |
| छिमेकी/आफन्तको सहयोगबाट | १८ | २३.०७ |
| केन्द्रीय बाल कल्याण | २७ | ३४.६१ |
| सामाजिक कार्यरत व्यक्ति | १० | १२.८२ |
| जम्मा | ७८ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ६.३ अनुसार आश्रीत कुल ७८ जना उत्तरदाता बालबालिकाहरूलाई बालगृहसम्म ल्याउनको लागि उल्लेखनीय भूमिका निर्वाह गर्ने छिमेकी/आफन्तको सहयोगबाट १८ जना (२३.७ प्रतिशत), प्रहरी प्रशासन मार्फत २३ जना (२९.४८ प्रतिशत), केन्द्रीय बाल कल्याण मार्फत २७ जना (३४.६१ प्रतिशत) रहेको पाइयो भने सामाजिक कार्यरत व्यक्तिको १० जना (१२.८२ प्रतिशत) रहेको पाइयो । उक्त तथ्याङ्कबाट के थाहा हुन्छ भने विविध कारणबाट बालबालिकाहरूअसंरक्षित बेसहारा एवम अलपत्र गरे पनि सामाजिक भावनाले खोलिएको बालबालिका सम्बन्धी संघसंस्थाहरू लगायत अन्य संघसंस्थाले बालबालिकाको हितमा उल्लेखनीय कार्य गरेको पाउन सकिन्छ ।

## ६.४ बालगृहमा बालबालिकालाई प्रदान गरिने सुविधाहरू

अनाथ, बेसहारा, बालबालिकाहरू जो घर परिवारको मायाममताबाट टाढा छन्, भैपरि आएको दुर्घटनाका कारण परिवार गुमाएका छन् या घरपरिवारबाट नै हिंसायुक्त छन् त्यस्ता बालबालिकाहरूलाई सुनौलो भविष्य दिनको लागि, राम्रो पारिवारीक वातावरण दिनको लागि, भविष्यमा उनीहरू पनि अन्य बालबालिकाहरू सरह जिउनको लागि यस बालगृहले बालबालिकाको निम्ति प्रदान गरेका सुविधाहरू तालिका ६.४ मार्फत प्रस्तुत गरिएको छ :

**तालिका ६.४ : बालगृहमा बालबालिकाले पाएका सुविधाहरूको विवरण**

| **बालगृहमा पाएको सुविधा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| खान बस्न | ७८ | १०० |
| शिक्षा | ७८ | १०० |
| स्वास्थ्य सरसफाइ, लत्ताकपडा | ७८ | १०० |
| आधा छात्रवृत्ति | ४१ | १०० |
| पूर्ण छात्रवृत्ति | ३७ | १०० |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

तालिका ६.४ मा कुल उत्तरदाता बालबालिका ७८ जना (१०० प्रतिशत) ले नै खानबस्न र शिक्षाको लागि सुविधा पाएको छ । स्वास्थ्य सरसफाइ, लत्ताकपडा पनि छ भन्ने पनि ७८ नै पाइयो । त्यस्तै आधा छात्रवृत्ति छ भन्ने ४१ जना साथै पूर्ण छात्रवृत्ति छ भन्ने ३७ जना पाइयो । उक्त तथ्याङ्कबाट बालगृहले संरक्षित बालबालिकाहरूलाई "बालबालिकाको बाँच्न पाउने अधिकार" लाई आत्मसाथ गरी सामान्य मूलभूत कुराहरू पुरा गरेको पाउन सकिन्छ ।

## ६.५ आश्रित बालबालिकाहरू पढ्ने स्कुलको प्रकृति

संरक्षित असहाय बालबालिकाहरूलाई अन्य बालबालिका सरह शिक्षा दिने हेतुले विविध क्षेत्रबाट रकम जुटाई, विभिन्न दातृ निकायसँग पुकारेर उनीहरूको उचित शिक्षाको निम्ति कुल संरक्षित हुँदै आश्रय गरेर ७८ जना बालबालिकाहरूलाई अंग्रेजी माध्यमबाट पढाइ हुने निजी विद्यालयमा नै उनीहरूको उमेर अनुसारको कक्षामा राखि अध्ययन गराइएको पाइयो ।

## ६.६ पढाईका साथसाथै अन्य अतिरिक्त क्रियाकलापहरू

संरक्षित बालबालिकाहरूलाई सामाजिक, शारीरिक, मानसिक एवम संवेगात्मक माध्यमबाट स्वस्थस्फुर्त राख्नको लागि उनीहरूलाई पढाइको अतिरिक्त अन्य अतिरिक्त क्रियाकलापको पनि आवश्यक पर्दछ । त्यसै आवश्यकतालाई मध्यनजर राख्दै विविध क्रियाकलापमा सहभागी गराएको पाइन्छ । जसको विस्तृत विवरण तालिका ६.५ मार्फत प्रस्तुत गरिएको छ :

**तालिका ६.५: संरक्षित गृहमा बालबालिकाहरूको निम्ति अतिरिक्त कार्य**

| **अतिरित्त क्रियाकलाप** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| स्वास्थ्य/सरसफाई सम्बन्धी | ४० | |
| खेलकुद एवम साँस्कृतिक कार्यक्रम | ३७ | |
| तालिम/सामाजिक | ९ | |
| विविध | १६ | |

*स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७७*

नोट : उल्लेखित तालिका बहुउत्तर प्रश्नमा आधारित छ ।

तालिका ६.५ मा कुल ७८ जना उत्तरदाता बालबालिकाले दिइएको जानकारी अनुसार स्वास्थ्य/सरसफाई सम्बन्धी अतिरिक्त क्रियाकलाप हुने जानकारी गराउने ४० जना, खेलकुद एवम साँस्कृतिक कार्यक्रमको जानकारी गराउने ३७ जना, अन्य तालिमहरू लगायत सामाजिक कार्यको लागि पनि ९ जना रहेको पाइयो । अत्याधिक मात्रामा विविध अतिरिक्त कार्यक्रम अन्तर्गत १६ जना रहेको जानकारी गराए । उक्त बालबालिकाहरूले दिएको तथ्याङ्क अनुसार स्कुलको पढाइको अतिरिक्त बालबालिकाको बौद्धिक विकासको लागि बालगृहमा नै विभिन्न स्वास्थबर्दक, सरसफाई, खेलकुद, साँस्कृतिक कार्यक्रम अन्तर्गत विभिन्न समयमा मनाइने चाडपर्वहरू लगायत सामाजिक कार्यहरूले अनाथ बालबालिकाको सामाजिक कारणमा सहजता पुऱ्याएको देखिन्छ ।

## ६.७ आश्रित बालबालिकाहरूको भविष्यको इच्छा बालगृह समक्ष प्रतिक्रिया

संरक्षित बालबालिकाहरूले बालगृहमा आश्रय पाए पनि उनीहरूको शिक्षादिक्षा भने बालगृहले निजी स्कुलमा गरिदिएको हुँदा उनीहरू शैक्षिक दृष्टिकोणबाट बञ्चित हुनु परेको अवस्था भने नभएको पाइयो । आश्रित बालबालिकाहरू मध्ये धेरैजसो बालबालिकाहरू भविष्यमा शिक्षक/शिक्षिका बनि देशको सेवा गर्ने बताए भने केही बालबालिकाहरूले डाक्टर बन्ने, केही बालबालिकाहरूसमाजसेवी, नर्स, फुटबल खेलाडी बन्ने चाहना राखेको पाइयो । न्यून संस्थाले क्रमशः इन्जिनियर, पुलिस/आर्मी, शिक्षक/शिक्षिका, चित्रकार, वकिल, व्युटिसियन, लेखिका, कोरीयोग्राफर, एयर होस्टेज बन्ने कुरा बताए । संरक्षित बालबालिकाहरूले बालगृह समक्ष कुनै प्रतिक्रिया दिएनन् । बालगहृले आफुहरूलाई राम्रो गरेको बताए । केहीजनाले भने गरिब तथा उत्पीडनमा परेको बालबालिका तथा महिलाहरूको जीवन सुधार्ने राम्रो कार्य गरेको बताए(स्थलगत अध्ययन सर्वेक्षण, २०७७) ।

## ६.८ संरक्षित बालबालिकाको बालगृह एवम सरकारलाई सुझाव

अध्ययन क्षेत्रमा संरक्षित बालबालिकाहरूको बालगृह प्रति धेरैजसोको माग एवम सुझाव भन्नु नै भइरहेको सेवासुविधामा थप सहयोग गर्नुपर्ने, बालगृहमा संरक्षित बालबालिकाहरूलाई अध्ययन पश्चात रोजगारीको अवसर सुनिश्चित दिलाउनुपर्ने, अन्य आयआर्जन र सीपमूलक तालिमको पनि व्यवस्था गरिनुपर्ने, त्यस्तैगरी सरकारले पनि त्यस्ता बालगृहमा रहेका गरिब तथा अनाथहरूको लागि गासबासको व्यवस्था मिलाइदिनुपर्ने, अनाथ बालबालिकाहरूलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउनुपर्ने, पढाई पश्चात उनीहरूलाई रोजगारको व्यवस्था ग्यारेन्टी गरिदिनुपर्ने बताए भने केही साना साना बालबालिकाहरूले भने बालगृहमा सरकारले के गरिदिने भन्ने कुराको जानकारी नै दिन नसकेको पाइयो ।

## ६.९ अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

अनुसन्धानको समयमा अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा देखिएका दृष्टिले भ्याएसम्मका क्रियाकलापहरूलाई विभिन्न उपशीर्षकको माध्यमबाट समेट्ने प्रयास गरिएको छ ।

### ६.९.१ बालगृहको बाहिरी वस्तु स्थिति

बालगृहको वस्तु स्थिति हेर्दा सुन्दर, शान्त, मनोरम स्थलमा रहेको पाइयो । विभिन्न जात, धर्म, वर्ग, क्षेत्र, संस्कृति, परिस्थिति, उमेर र व्यवहारका बालबालिकाहरूलाई संयमित

बनाई पारिवारिक वातावरण दिई बालबालिकाहरूलाई संरक्षण दिइएको पाइयो । पढ्ने, बस्ने र खेल्ने ठाउँहरूको अवस्था हेर्दा त्यहाँ बस्ने सम्पूर्ण बालबालिका तथा कर्मचारीको संलग्नतामा नियमित सरसफाई गर्ने गरेको पाइयो । यसको साथसाथै बालबालिकाद्वारा सामाजिक दायित्व बोधको लागि आफ्ना आसपासका क्षेत्रहरूका त्रैमासिक रूपमा सरसफाई कार्यक्रम पनि गर्ने गरेको पाइयो (स्थलगत अध्ययन सर्वेक्षण, २०७७) ।

### ६.९.२ शिक्षा

बालबालिकाको शिक्षाको निम्ति बालगृह व्यवस्थापनले नियमित रूपमा प्राय गरी निजी विद्यालयमा अध्ययनको व्यवस्था गरेको सो बाहेक अन्य शिक्षाहरू जस्तै : कम्प्युटर कक्षा, नृत्य, अंग्रेजी कक्षा, आर्ट सम्बन्धी कक्षा आदिको नियमित आयोजना गर्ने गरेको देखियो । साथै पढाईमा कमजोर रहेका विद्यार्थीहरूलाई जान्ने विद्यार्थीहरूद्वारा पढाउने व्यवस्था गरिएको छ  (स्थलगत अध्ययन सर्वेृक्षण, २०७७) ।

### ६.९.३ स्वास्थ्य/मनोरञ्जन/खेलकुद

नियमित रूपमा बिहानी योगा, शारीरिक अभ्यास, स्वास्थ्य परीक्षण, उपचार, सन्तुलित आहार आदि प्रदान गर्ने गरिएको भेटियो ।साथै विविध आउटिङ, टेलिभिजन, कार्टुन, फिल्महरू, ज्ञानबर्धक डकुमेन्ट्री र पिकनिक आदिको आयोजना गर्ने गरेको पनि पाइयो ।विशेषत चेस, क्यारमबोर्ड, लुडो, फुटबल लगायत अन्य इनडोर र आउटडोर क्रियाकलापहरूको आयोजना गरी संरक्षित सबै बालबालिकाहरूलाई उत्साहित गर्ने उद्देश्यले सहभागी गराई खेलाउने गरेको पाइयो ।

### ६.९.४ प्रतिभा प्रस्फुटन कार्यक्रम एवम बाहिरी संघसंस्थामा सहभागीता

संरक्षित बालबालिकाको निमित्त साप्ताहिक रूपमा हुने प्रतिभा प्रस्फुटन कार्यक्रम जसमा नृत्य, नाटक, चुड्किला, गायन, उद्घोषण, वक्तृत्वकला आदिको आयोजना गर्ने गरेको साथै अन्य संघसंस्थाद्वारा सञ्चालित बालबालिका सम्बन्धी विविध कार्यक्रमहरूमा सक्दो सहभागी गराइएको जस्तै : विविध तालिम, गोष्ठी, जनचेनतामूलक कार्यक्रम, बाल अधिकार, दुर्व्यवहार, जनचेतना आदि यसका साथै संस्थाको बालबालिका सम्बन्धी

गतिविधिहरू, छलफलहरूको लागि सहभागी गराउँदै आएको पाइयो (स्थलगत अध्ययन सर्वेक्षण, २०७७) ।

### ६.९.५ सामान्य खर्च वितरण एवम सामाजिकिकरण

बालबालिकाहरूको आफ्नै इच्छा बमोजिमका सामग्री किन्न तथा पैसाको सही सदुपयोग गर्ने तरिका सिकाउन मासिक रूपमा केही रकमको विवरण गर्ने गरेको पाइयो । साथै वार्षिक छुट्टि हुँदा घर वा आफन्तकोमा लिन आउँदा पठाउने गरेको तथा वर्षमा एक पटक भ्रमणको आयोजना गर्ने गरेको, यसका साथै शैक्षिक बिदाका दिनहरूमा विशेष कार्यक्रमका तालिकाहरू बनाई बालबालिका परिचालन तथा व्यवस्थापन जिम्मेवारी दिने गरेको र हरेक चाडपर्व मनाउने र सँस्कृतिको बारेमा जानकारी दिने गरेको पाइयो ।

## ६.१० मुख्य जानकार व्यक्तिसँगको छलफल

### ६.१०.१ संस्थाको परिचयर उद्देश्य

"समाजको सर्वाङ्गिण विकासको निम्ति परोपकारी भावना" भन्ने मुल नाराका साथ स्थापित भएको छहारी बाल आश्रम र नयाँ नेपाल बाल आश्रम संचालित बालगृह दुवै परोपकारी संस्थाको रूपमा २०६४ सालमा नयाँ नेपाल बाल आश्रम स्थापना भएको थियो भने २०५६ सालमा छहारी बालआश्रम स्थापना संचालन गरी बालबालिकाहरूको संरक्षण गर्दै आउनुभएको छ । यी संस्था मानव सेवाको मुल मर्मलाई आत्मसात गर्दै असहाय तथा अनाथ बालबालिकाहरूको संरक्षण गर्ने आवश्यक सामाजिक क्रियाकलाप गर्ने उद्देश्य लिएका यी संस्थाका निम्न उद्देश्यहरू रहेको पाउन सकिन्छ ।

१. समाजको असहायस बालबालिकाहरूको पालनपोषण, आश्रय, शिक्षा, स्वास्थ्य र रोजगारको सुविधाबाट बन्चित हुन नदिन बालगृह संचालन गर्ने ।
२. गरिब तथा जेहेन्दार बालबालिकाहरूलाई शैक्षिक छात्रवृत्ति सहयोग उपलब्ध गराउने ।
३. पिछडिएका समुदायहरूका मानिसहरूको लागि आय वृद्धि गराई समाजलाई समृद्ध र गरिबीबाट मुक्त गराउन विभिन्न सामुदायिक कार्यक्रम संचालन गर्ने, आयमूलक सीप, व्यवसायिक तालिम र रोजगार उपलब्ध गराउने ।

४. कान सम्बन्धी समस्या भएका बालबालिकाहरूलाई निःशुल्क उपचार तथा सुन्ने मेसिन प्रदान गर्ने ।

५. स्वास्थ्य सम्बन्धी समस्या भएका बालबालिकाहरूलाई बालगृहमा नै नर्स बोलाई स्वास्थ्य परीक्षण गर्ने साथै स्वास्थ्य स्थिति नाजुक भयो भने KMC हसपिटल लैजाने व्यवस्था प्रदान गर्ने ।

### ६.१०.२ अनाथ बालबालिकाहरू प्रति संस्थाको धारणा

बालगृहका मुख्य जानकारका अनुसार मुख्यतया बालबालिकाहरू बेसहारा हुने मुख्य कुरा आर्थिक अवस्था कमजोर नै हो ।आर्थिक रूपले सम्पन्न भयोभने बालबालिकाहरू धेरै हदसम्म बेसहारा हुनबाट जोगिन्छन् । तसर्थ सरकारी, गैर सरकारी निकायहरू तथा समाजमा बसोबास गर्ने सबैले समुन्नत आर्थिक विकासको लागि सक्दो पहल गर्नुपर्ने हुन्छ । यसका साथै समुन्नत आर्थिक विकासका लागि अत्यन्त आवश्यक तत्वको रूपमा रहेको औपचारिक शिक्षालाई समय सुहाउँदो परिवर्तन र यसको अनिवार्यतालाई ध्यान दिनु जरुरी देखिन्छ भन्ने जानकारी पाइयो ।

### ६.१०.३ अनाथ बालबालिका बालगृहमा प्रवेश गर्ने प्रावधान

बालगृहमा बालबालिकाहरू संरक्षणको लागि सबैभन्दा पहिले सो बालबालिकाहरू सम्बन्धी जानकारी हुने गरी निवेदन आवश्यक पर्ने जानकारी पाइयो जुन नातेदार, छिमेकी, शिक्षक, सामाजिक संघसंस्थाहरू आदि जोसुकैले पनि दिन सक्ने प्रावधान रहेको पाइयो । यसरी प्राप्त भएको निवेदनको प्रकृति अनुरूप अत्यन्त जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी यस संस्थाका कर्मचारीहरूबाट सम्पूर्ण जानकारीहरू हासिल गर्ने र व्यवस्थापन समितिमा राख्ने तत्पश्चात व्यवस्थापन समितिले बालबालिकाको जोखिम अवस्था, नातेदारले हेर्न सक्ने अवस्था, अन्य वैकल्पिक व्यवस्था, संस्थाको आर्थिक अवस्था आदिलाई मध्यनजर गर्दै बालबालिका भर्ना वा अन्य सहयोग सम्बन्धी निर्णय गरिने पाइयो । भर्ना गरिने सम्पूर्ण बालबालिकाहरूको अन्य आवश्यक विवरणहरू लगायत छिमेकी मुचुल्का, जन्मदर्ता, बुबाआमाको मृत्युदर्ता, सरकारी कार्यालयको सिफारिस आदिको जाँचबुझद्वारा मात्र बच्चा बेसहारा भउको यकिन गरिने यसको विवरण केन्द्रिय बाल कल्याण र महिला तथा बालबालिका मन्त्रालयमा पनि पठाइने गरेको पाइयो ।

### ६.१०.४ आश्रित बालबालिकाको पारिवारिक पृष्ठभूमी

बालगृहमा संरक्षित बालबालिकाहरू विशेषत बुबाआमा गुमाई आफन्तले संरक्षण दिन नसक्ने, आमाबाबा जेल परेका, द्वन्द्व पिडित, सडक बालबालिका, घरेलु कामदार, दैवी प्रकोपमा परेका, बुबाआमा सम्बन्धी कुनै जानकारी नभएका लगायत हिंसा पिडित रहेको जानकारी पाइयो ।

### ६.१०.५ बालबालिका अनाथ हुनुको कारण

बालबालिका अनाथ हुनुको कारणमा गरिब परिवार, त्यसमा पनि बुबाआमा गुमाएका, जेल परेका, आफन्तले संरक्षण दिन नसक्ने, सम्पूर्ण परिवार द्वन्द्वबाट पिडित भएका, पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर भई कलिलो उमेरमा नै घरेलु कामदारको रूपमा कार्य गर्न बाध्य परेका तथा विविध कारणवश बाबाआमाले जिम्मेवारी लिन नचाहेका, दैवी प्रकोपमा परी घरबार नभएका तथा लैङ्गिक हिंसा आदिको कारणले गर्दा नै बालबालिकाहरू संरक्षण गृहमा जान बाध्य हुने जानकारी पाइयो ।

### ६.१०.६ बालबालिकाको निम्ति संस्थाको योगदान

बालबालिकाको स्तर मुताविक संस्थाले विविध सहयोग गर्दै आएको पाइयो । पूर्ण अनाथ, बाबाआमा जेल परेका तथा अत्यन्तै जोखिममा रहेका बालबालिकाहरूलाई पूर्ण बाल अधिकार सहितको संरक्षण प्रदान गरेको, अर्ध अनाथ, गरिब परिवारका बालबालिकाहरूलाई कक्षा १० सम्म हाफ र पूर्ण छात्रवृत्ति दिइएको जसमा विद्यालयमा आवश्यक सम्पूर्ण खर्चहरू तथा अन्य आवश्यक सामग्रीहरू संस्थाले नै बेहोर्ने गरेको पाइयो । संस्थाले परिवार आत्मनिर्भर भए बालबालिकाहरू स्वयम बन्छन् भन्ने धारणा पाइयो । त्यस्तैगरी बालबालिकाहरूलाई निःशुल्क स्वास्थ्य उपचार गरिनुको साथै अध्ययन राम्रो बालबालिकालाई उच्च शिक्षा समेत निःशुल्क गरेको पाइयो ।

### ६.१०.७ संरक्षित बालबालिकाको खर्च स्रोत

संरक्षित बालबालिकाको खर्च व्यवस्थापनको निम्ति संस्थाले विभिन्न दातृनिकायहरूसँग सहयोगी हात फैलाएको, त्यस्तै विभिन्न वरिष्ठ व्यक्तिहरूसँग अनुरोध गर्ने, अन्य कोष संकलन सम्बन्धी क्रियाकलापहरूबाट यस संस्थामा आश्रित बालबालिकाहरूको लागि आवश्यक खर्चको व्यवस्था गरिएको छ ।

### ६.१०.८ बालसंरक्षण जस्तो जिम्मेवारी कार्य संलग्नतामा चासो एवम सुझाव

मुख्यतया आफ्नो राज्यमा कुनै पनि नागरिक ढुक्कसँग बाँच्न पाउने अधिकारको बोध गराउने सरकार भएता पनि विविध कारणले निरिह बन्न पुगेको छ । कतिपय ठाउँमा संरक्षणका योजनाहरू ल्याइए पनि सफल हुन नसकेको अवस्था त छदैछ । पिडित बालबालिकाहरको दयनीय अवस्था सरकारले गर्छ भनेर मुख ताक्नु भन्दा भावनाले विभिन्न दातृ निकाय, संघसंस्थालाई मनकारी व्यक्ति एवम दर्दनाक अवस्थाबाट समाजमा हुने बाल मृत्युदर, वेश्यावृत्तिको विकास, चोरी डकैतिको वृद्धि, बाल मजदुरीको विकास, लागूपदार्थको सवेन तथा क्रियाकलापको विकास लगायत पारिवारिक हिंसा हुने र यसले समाज विकासमा बाधक बन्ने हुनाले सामाजिक उत्तरदायित्व वहन गर्नको निम्ति नै यस संस्थाको जन्म गराएको पाइयो । बेसहारा बच्चाहरू समेट्ने कार्यमा शुरुमा झन्झटिलो लागेता पनि वास्तवमा सबैभन्दा पुण्यको कार्य गरेको अनुभूति गरेको पाइयो । कोही नभएको बालबालिकाहरूलाई समुन्नत भविष्य दिई समाजमा अन्य व्यक्ति सरह जिउने मौका दिइएको भेटियो । बालबालिकाहरू बेसहारा हुने मुख्य कुरा आर्थिक अवस्थाको कमजोरी हो । आर्थिक रूपले सम्पन्न भए बालबालिकाहरू धेरे हदसम्म बेसहारा हुनबाट जोगिन्छन् । तसर्थ सरकारी, गैर सरकारी निकायहरू तथा समाजमा बसोबास गर्ने सबैले समुन्नत आर्थिक विकासको लागि सक्दो पहल गर्नुपर्ने हुन्छ । समुन्नत आर्थिक विकासको लागि सक्दो पहल गर्नुपर्ने औपचारिक शिक्षालाई समय सुहाउँदो परिवर्तन र यसको अनिवार्यलाई ध्यान दिनुपर्ने तर्क पाइयो ।

## ६.११ संरक्षित केही बालबालिकाहरूसँग लिइएका वैयक्तिक अध्ययन

### वैयक्तिक अध्ययन–१

मेरो नाम अमित पाण्डे (नाम परिवर्तन) हो । म १८ वर्षको भए । मेरो जन्मस्थान दैलेख जिल्लाको दुर्गम गाउँमा भएको हो । हाल म अहिले काठमाडौँको बानेश्वर स्थित आशा मन्दिर बोर्डिङ स्कुलमा कक्षा १० मा अध्ययन गर्दैछु । म एउटा विकट र दुर्गम गाउँमा जन्मिएको मान्छे आज संस्थाको सहयोगको कारणबाट काठमाडौँ अध्ययन गर्न पाउदा निकै हर्षित छु । किनकी मसँग सँगै धेरै साथीहरू चार, पाँच कक्षा सम्मको अध्ययन नै नगरी पढ्न छोडीसकेकाछन् । भावी दिनमा म एउटा कुशल इन्जिनियर बनेर समाज र राष्ट्रको सेवा गर्न चाहन्छु ।

मेरो घरको आर्थिक अवस्था कमजोर भएको कारण र बुबाको ज्याला मजदुरी गर्ने कारणले गर्दा म यहाँ आएको हुँ । मेरो बाबाआमाले काम गर्ने ठाउँमा पछिपछि जाने गर्दथे । तर त्यहि क्रममा बुबाको काम गर्ने ठाउँका स्थानिय मान्छेहरूको सहयोगमा यो संस्थाको संचालक कृष्णा गुरुङ सरको सम्पर्कमा पुगी म यस संस्थामा आएको हुँ । बानेश्वरमा रहेको यस संस्थाको सहयोगले गर्दा म अहिले आशा मन्दिर बोर्डिङ स्कुलमा पढ्दै आएको छु । अहिले म कक्षा १० मा पढ्दै छु । मेरो पढाई पनि राम्रो भइरहेको छ । एस.ई.ई.मा राम्रो अंक ल्याई १०+२ पनि राम्रोसँग पढिसकेको पछि इन्जिनियरिङ कलेजमा इन्ट्रान्स परीक्षाको तयारी गरेर छात्रवृत्तिमो नाम निकाल्ने योजना छ । उक्त कलेजबाट आफ्नो इन्जिनियरको अध्ययन पुरा गरी समाज र राष्ट्रको सेवा गर्न चाहन्छु । यी मेरा चाहना पुरा गर्ने आधार हाम्रो संस्था हो । तसर्थ संस्थाप्रति धेरै धन्यवाद दिन चाहन्छु ।

## वैयक्तिक अध्ययन–२

मेरो नाम रोहन शाही (नाम परिवर्तन) हो । मेरो घर कालीकोट हो । म हाल १७ वर्षको भए । मेरो आमा पुन विवाह गरेर अन्तै गएको र बाबाको पनि मृत्यु भएको हो भन्ने कुरा मलाई १०-१२ वर्ष पछाडी मात्र थाहा भएको हो । म सानो छदा मलाई एक जना छिमेकीको आमाले हुर्काउनुभएको थियो । उहाँले पनि तरकारी, फलफूल बेच्ने गर्नुहुन्थ्यो । त्यही बेचेको पैसाले उहाँले मलाई हेर्नु हुन्थ्यो । त्यस्तै मलाई पढाउने क्रममा उहाँले मलाई गाउँको स्कुलमा पैसा तिर्न नसक्ने र खर्च धान्न गाह्रो भएपछि यस बाल आश्रममा आफन्तको सहयोगमा आइपुगेको हुँ ।संस्थामा आउँदा म सानो थिए । यहाँ आएपछि मलाई बोर्डिङ स्कुलमा हालदिनुभयो र म पढ्न गए र त्यो वर्षको परीक्षामा पास हुन सफल भए ।

मेरो पढाई अलि कमजोर भएको कारण मलाई सुरूपमा धेरै गाह्रो भएको थियो तर मलाई यस संस्थामा हुनुभएको सबै जनाले पढ्नको लागि सहयोग गरिदिनुभयो ।साथै मलाई पढाउने शिक्षक शिक्षिकाहरूले पनि धेरे सहयोग गर्नुभयो । साथै पछि मेरो पढाई राम्रो हुँदै गयो र मैले राम्रो अंक ल्याएर कक्षा उर्त्तीण गरे त्यसपछि मलाई विद्यालयले प्रोगेसिक अवार्डबाट समेत सम्मान गर्दा म असाध्यै खुसी भएको थिए । त्यही हौसलाले गर्दा एस.ई.ई.मा समेत राम्रो अंक प्राप्त गरेर पास हुन सफल भए । कक्षा ११र १२ व्यवस्थापन विषयमा अध्ययन गर्दैछु, साथै मैले अहिले यहि संस्थामा रहेको अरु बालबालिकाहरूलाई कराते सिकाउने गर्दछु अर्थात् अहिले म यस संस्थाको बालबालिकाहरूको खेलकुदको सर भएको छु । १०+२ पछि वि.वि.ए. पढेर बैंकमा ठूलो पोष्टमा नै बसेर काम गर्ने योजना

रहेको छ । जिवनमा दु:ख र सु:ख दुवै हुने रहेछ । दु:खमा आत्तिने र सु:खमा मात्तिने कसैले पनि गर्नुहुँदैन । म आजको दिनसम्म आइपुग्नको लागि संस्थाको सदस्यहरू मेरो सफलताको आधारशिला हुनुहुन्छ ।

# अध्याय सात

# सारांश र निष्कर्ष

यस अध्यायमा अध्ययनको मुख्य सार निकालिएको छ । जसमा सारांश, मुख्य प्राप्तिहरू, निष्कर्ष र सुझावहरू समावेश गरिएको छ ।

## ७.१ सारांश

नेपालको सन्दर्भमा 'बालबालिका' भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई सम्झनुपर्दछ । त्यस्तैगरी बालबालिकाको सम्बन्धमा 'बालबालिकाको अधिकार सम्बन्धी सरोकार' नामक संस्थाले दिएको परिभाषा अनुसार १८ वर्ष भन्दा मुनिका मानविय व्यवहार देखाउने बालबालिकाको समूह जो शारीरिक, मानसिक एवम मनोवैज्ञानिक दृष्टिकोणबाट स्वतन्त्र भएका र संरक्षित भएका बालबालिकाहरूलाई जनाउँदछ । 'बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार' भन्ने उद्घोषका साथ हाल विश्वमा बालबालिकाको हक अधिकार र संरक्षणको निम्ति जुधारु रूपले आवाज बुलन्द गरेतापनि विकसित मुलुकहरूमा प्रायः बच्चा जन्माउने चाहना नराख्ने, बच्चा नराख्ने चाहना भई बच्चा भइहाले पनि बालबालिकाको स्तनपान गराउने अवस्थादेखि वयस्क अवस्थासम्म सही लालनपालन नहुँदा, बढ्दो आधुनिकता, व्यवस्थता, सानो सानो टकरावले सम्बन्ध विच्छेद जस्ता कारण बाबाआमा बालबालिकाहरू प्रति पूर्ण समपर्ण भएको पाइदैन । धेरैजसो मुलुकहरूमा त सरकारले नै १८ वर्ष नपुगिन्जेलसम्म उनीहरूको सम्पूर्ण जिम्मेवारी व्यहोर्ने गरेको पाइन्छ । तर अल्पविकसित, विकासोन्मुख मुलुकका भने अति गरिबी, राजनीतिक अस्थिरता, द्वन्द्व पिडित, भैपरी विपत्ती आदि कारणहरूबाट नै बढी बालबालिकाहरू असंरक्षित जीवन व्यतित गर्न बाध्य छन् ।

नेपालमा अनाथ बालबालिकाहरूको संरक्षण एवम कल्याणकारी कार्यको लागि कार्य गर्ने सरकारी, गैर सरकारी, निजी संघसंस्थाहरू थुप्रै छन् तापनि सबै संघसंस्थाले सबै खाले निरिह, बेसहारा बालबालिकाको कल्याणको निमित्त कार्य गर्न सकिरहेको पाइदैन । यस काठमाडौं म.न.पा.का अन्त गर्न संगम चोकमा रहेको छहारी बालआश्रम र नँया नेपाल

बला आश्रममा बसोबास गर्ने बालबालिकाहरूको कानुनी संरक्षणको निमित्त विभिन्न संस्थाहरूले सहयोग गरेको पाइन्छ ।

**मुख्य प्राप्तिहरू**

सामाजिक जनसाङ्ख्यिक विवरण

- यस बाल गृहमा अनाथ, बेसहारा बालबालिकाहरू मध्ये महिलाको संख्या भन्दा पुरुषको संख्या बढी आश्रय लिएको पाइयो ।
- उमेरको हिसाबमा विशेष गरी १०-१५ वर्षसम्मका बालबालिकाहरू सबैभन्दा बढी बाल गृहमा आश्रय लिइएको पाइयो ।
- धार्मिक दृष्टिकोणले हिन्दु धर्म मान्ने बालबालिकाहरू बढी रहेको पाइयो भने जातजातियतामा बाहुन, क्षेत्री र शाही बालबालिकाहरू बढी बालगृहमा संरक्षित रहेको पाइयो ।
- बाबाआमा वा दुई मध्ये एक अभिभावक गुमाएका सबैभन्दा बढी बालबालिकाहरू यस आश्रममा पाइयो ।
- आमा गुमाएको कारणमा सबैभन्दा बढीले मृत्यु भएर भन्ने जानकारी दिए भने बाँकीले अन्तै विवाह गरी गएको र बाबासँग सम्बन्ध विच्छेद गरी गएको तथ्य दिएको पाइयो ।
- बाबा नहुनुको कारणमा मृत्यु भएर बसैभन्दा बढी रहेको र आमाले पहिले बाबालाई छोडी अर्को विवाह गर्दा, बाबाआमाको चिनारी नभएको, आमा अर्कोसँग जाँदा आमाले नलगेको र बाबाले पनि संरक्षण नगर्दा बेसहारा भएको जानकारी पाइयो ।
- पारिवारीक आर्थिक स्थिति गरिबी रहेको पाइयो । संरक्षित बालबालिकाहरू प्राय बाबाआमा ज्यालामजदुरी र केहिले कृषि पेशा अपनाएको पाइयो ।
- बालबालिकाहरू परिवारबाट अलग भए पश्चात सबै भन्दा आफन्तजनको सहयोगबाट संरक्षण केन्द्रसम्म पुऱ्याएको जानकारी पाइयो भने केही बालबालिकाहरू संरक्षणको अभावमा सडकतिर भौतारिदा बालबालिकाको लागि कामगर्ने संघसंस्थाले सडकबाट नै संरक्षण गृहमा लगेको पाइयो ।

- बालगृहमा बालबालिकाहरूलाई दिइएको सुविधामा खान बस्न मात्र नभई उनीहरूलाई अन्य बालबालिकाहरू सरह शिक्षा, स्वास्थ्य, छात्रवृत्ति, अतिरिक्त क्रियाकलापमा मनोरञ्जनात्मक कार्यहरू समय अनुसार विभिन्न जात धर्म अनुसारका चाडपर्वहरू मनाउने आवश्यक मात्रामा तालिमको सुविधा पनि रहेको पाइयो ।

- संरक्षित बालबालिकाहरू अध्ययन पश्चात रोजगारीको अवसर सुनिश्चित हुनुपर्ने बताए भने सरकारको तर्फबाट पनि यस्ता बालगृहको मात्र मुख नताकी गरिब तथा अनाथहरूको लागि गास बासको व्यवस्था मिलाइदिनुपर्ने, अनाथ बालबालिकाहरूलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउनुपर्ने, पढाई पश्चात रोजगारीको व्यवस्था ग्यारेन्टी गरिदिनुपर्ने बताए

## ७.२ निष्कर्ष

बालबालिकाहरू प्राय गरी असंरक्षित हुने भनेको मुख्य रूपमा आर्थिक स्थिति साह्रै नै कमजोर त्यसमा पनि बाबाआमा नहुँदा प्रत्यक्ष प्रभावमा साना अबाला बालबालिकामा पर्न गई जिम्मेवारीपूर्ण बहन गर्ने कोही कतै नहुने हुँदा बाबाआमाको माया जस्तो अन्यत्रको नहुने हुनाले पनि बालबालिकाहरू असंरक्षित बनेको यस अध्ययनबाट थाहा हुन्छ । त्यस्तैगरी अन्य कारणमा सौतेनी आमाबाबाको हिंसा, द्वन्द्व पिडित, दैविक प्रकोप, राजनीतिक अस्थिरता, बाबाआमाले कुकार्य गर्दा बच्चामा पर्ने संवेगात्मक असर पर्ने हुँदा बालबालिकाहरू अनाथ/बेसहारा बन्न पुग्दछन् ।

घर परिवारबाट अलग एवम विपत्तिबाट आफ्ना परिवार गुमाए पश्चात बालबालिकाहरू सबैभन्दा बढी सडकमा नै जान बाध्य हुने यस अध्ययनबाट प्राप्त हुन्छ । आफन्तकोमा सहारा लिने, बाँच्नको लागि बिहान बेलुकाको खाना टार्नको लागि घर या होटलमा बिना शुल्क काम गर्न पनि बाध्य भएको पाइन्छ भने चरम गरिबीका कारण आफ्नै बाबाआमाले सिधै बालगह, छर या होटलमा कार्य गर्न पठाउने गरेको पनि पाइन्छ । हाल बालबालिकाको बाँच्न पाउने नैसर्गिक अधिकार भन्ने नारा विश्वबाटै प्रसारित भई नेपालमा पनि यसको सरकारी तथा निजी क्षेत्रबाट कार्यान्वयन सुरु भएको पाइन्छ । त्यसमा पनि सामाजिक भावनाले खोलिएको सामाजिक संस्थाहरूबाट नै बढी मात्रामा बालबालिकाहरूको लागि संरक्षण एवम सम्वर्द्धन गरी उनीहको उचित आवास, शिक्षा, तालिम, रोजगारको

व्यवस्था गर्नाले संरक्षित बालबालिकाहरू आफ्नो आश्रय पूर्वको दिन चर्यालाई सम्झी अन्य अलपत्र र अनाथ भएका बालबालिकाहरूलाई पनि निजी क्षेत्रका संघसंस्थाले भन्दा सरकारले नै उनीहरूलाई संरक्षण, सम्वर्द्धन एवम रोजगारीको ग्यारेन्टी गरिदिनुपर्ने तथ्य यस अध्ययनबाट पुष्टि हुन्छ ।

संरक्षित बालबालिकाहरूको अध्ययन पश्चात बालबालिकाहरूको पारिवारीक आर्थिक वृद्धि, बालबच्चाहरको अध्ययन, सिप, तालिम पश्चात उनीहरूलाई पारिवारीक, आफ्ना नातागोता, इष्टमित्र र अन्य संघसंस्थाको पहलमा पुनस्थापित भएको पाउन सकिन्छ । पुनः स्थापित बालबालिकाहरू मध्ये सबैभन्दा बढी कक्षा १, २, ३, ४ पढ्ने धेरै छन् भने१०+२ पढ्ने १ जना मात्र रहेको छ ।

# सन्दर्भ सूची


अधिकारी, एकनाथ (२०७४), *कास्की पोखरा स्थित नमस्ते बालगृह बैदाम पोखराका बालबालिकाहरूको एक समाजशास्त्रीय अध्ययन* (प्रकाशित शोध अध्ययन), समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन,* काठमाडौँः नेपाल सरकार ।

केन्द्रिय बाल कल्याण समिति (२०६९), *नेपालमा बालबालिकाको स्थिति,* काठमाडौँः नेपाल ।

काठमाडौँ महानगरपालिका (२०७५), *वार्षिक रिपोर्ट,* काठमाडौँः नेपाल ।

काठमाडौँ महानगरपालिका (२०७४), *वार्षिक रिपोर्ट,* काठमाडौँः नेपाल ।

जिल्ला बालकल्याण समिति (२०७५), *काठमाडौँका बालबालिकाको स्थिति,*काठमाडौँ ।

नेपाल सरकार, महिला तथा बालबालिका मन्त्रालय (२०७३), *बालबालिकाको स्थिति,* काठमाडौँः सिंहदरबार ।

न्यौपाने, रिता (२०६७), *कास्की पोखरा स्थित नमस्ते बालगृह बैदाम पोखराका बालबालिकाहरूको एक समाजशास्त्रीय अध्ययन* (अप्रकाशित शोध अध्ययन), समाजशास्त्र तथा मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

प्रधान, गौरी (२०६०), *युद्धको भुमरीमा बालबालिकाहरू,* बालसरोकार केन्द्र (सिविन), काठमाडौँ ।

प्रधान, गौरी (२०६२), *बाल संरक्षण,* सिविन, काठमाडौँ।

बाल आश्रम केन्द्र (२०७६), *वार्षिक रिपोर्ट,* काठमाडौँ ।

बाल आश्रम केन्द्र (२०७५), *वार्षिक रिपोर्ट,* काठमाडौँ ।

युनिफेस (२०१७), *विश्वमा बालबालिकाको अवस्था,* काठमाडौँ ।

युनिफेस (२०१२), *विश्वमा बालबालिकाको अवस्था,* पोखरा ।

युनिफेस (२०१५), *विश्वमा बालबालिकाको अवस्था,* काठमाडौँ ।

शर्मा, डा. लोकेन्द्र (२०६६), *बालबालिका सम्बन्धी कानुन र न्याय,* काठमाडौं : प्रगती पुस्तक सदन ।

सिविन (२००४), *नेपालमा बाल अधिकारको स्थिति, राष्ट्रिय प्रतिवेदन,* बाल मजदुर सरोकार केन्द्र, काठमाडौं ।

Acharya, U. (2002). *Primary education in Nepal: policy, problems and prospects.* Kathmandu: Ekata Books, Nepal.

Adhikari, Bedhari (2007). Child care and socialization many the squatters of Peepaldali Village of Sarangkot (Unpublished master's thesis). Tirbhuvan University, Prithvi Narayan Campus, Humanity and Socail Science, Department of Sociology and Anthropology.

Basnet, Sharmila (2009). *A study on perception of community towards street children in Pokhara city.* (Unpublished master's thesis). Humanity and Social Science, Department of Sociology/Anthropology, Tribhuvan University, Prithvi Narayan Campus, Pokhara.

Bhargava, P.H. (2003). *The elimination of child labour: Whose responsibility?* New Delhi: India, Sage Publications.

Chhetri, Meena (2014). *Socio-economic conditions of the domestic child workers in Nepal: a case study of Pokhara Sub-metropolitan city ward number 7 and 8.* (Unpublished master's thesis). Humanity and Social Science, Department of Sociology/Anthropology, Tribhuvan University, Prithvi Narayan Campus, Pokhara.

Child Welfare Society (1996). *Situation analysis of street children in Nepal.* UNICEF, Nepal.

CWIN (2004). *State of the child rights in Nepal. Annual Report.* CWIN, Kathmandu, Nepal.

HMGN/CBS (2012). *Statistical year book.* government of Nepal, National Planning Commission, Central Bureau of Statistics, Nepal.

HMGN/MOES & UNESCO (2003). *Education for all: national plan of action Nepal (2001-2015).* HMGN/MOES, Nepal National Commission for UNESCO and UNESCO Nepal.

K.C., Manu (2010). *Situation of street children: A case study of Butwal Municipality* (Unpublished master's thesis). Tirbhuvan University, Prithvi Narayan Campus, Humanity and Socail Science, Department of Sociology and Anthropology.

Pradhan, B. & et.al. (1980). *Child development study in Nepal implications for policy and training.* Kritipur, Kathmandu: CEDA, Tribhuvan University.

Standards for Operation and Management of Residential Child Care Homes, 2012 Government of Nepal, Ministry of Women, Children and Social Welfare.

UNICEF (2004). *The state of the world/s children 2004.* The United Nations Children's Fund. UNICEF House, 3 UN Plaza, New York: NY 10017, USA.

# अनुसुची १

## अन्तवार्ता अनुसुची

– शोधकर्ता रश्मी थापा

पृ.ना.क्या. पोखरा

**व्यक्तिगत विवरण**

बालबालिकाको नाम ..............................................................................

१. लिङ्ग

(क) महिला (ख) पुरुष

२. उमेर

(क) १०–१५ (ख) १५ वर्ष भन्दा माथि

३. धर्म

(क) हिन्दु (ख) मुस्लिम (ग) बौद्ध (घ) क्रिश्चियन (ङ) अन्य

४. जात

(क) ब्राम्हण/क्षेत्री (ख) जनजाती (ग) दलित (घ) अन्य

५. कक्षा

(क) नर्सरी देखि यु.के.जी. सम्म (ख) १ देखि ५ सम्म

(ग) ५ देखि एसइइ सम्म (घ) एसइइ भन्दा माथी

६. तालिम

..............................................................................................

७. जन्मस्थान/ठेगाना

..............................................................................................

**बालबालिकाको सामाजिक, आर्थिक पृष्ठभूमि**

८. तिम्रो बाबा आमा दुवै हुनुहुन्छ?

(क) दुवै हुनुहुन्छ (ख) बाबा मात्र हुनुहुन्छ

(ग) आमा मात्र हुनुहुन्छ (घ) दुवै हुनुहुन्न

९. तिम्रो आमा के कारणले हुनुहुन्न नि ?

(क) मुत्यु भएर (ख) अन्त्यै विवाह गरी गएर

(ग) बाबासित छोडपत्र गरी बसेर

१०. तिम्रो बाबा के कारणले हुनुहुन्न नि?

(क) मृत्यु भएर (ख) वैदेशिक रोजगारबाट नफर्केर

(ग) आमाले अर्को विवाह गर्दा साथ लिई आउदा बाबासँग विछोड भएर

११. तिम्रो घरमा बाबा आमाको मेलमिलापको अवस्था कस्तो थियो ?

(क) राम्रो (ख) स–साना घरायसी कुरामा सधै झगडा गरिरहने

(ग) मादक पदार्थ सेवन गरी झगडा गर्ने ।

१२. तिम्रो परिवारको आर्थिक अवस्था कस्तो छ थाहा छ ?

(क) अति गरिवी (ख) गरिवी

(ग) केही समय खान पुग्ने (घ) वर्षभरी खान पुग्ने

१३. आमाले के पेशा अंगाल्नु भएको छ ?

(क) कृषि (ख) सरकारी (ग) निजी जागिर

(घ) व्यापार/व्यवसाय (ङ) वैदेशिक रोजगार (च) अन्य

१४. तिम्रो बाबले के पेशा अगाल्नु भएको छ ?

.............................................................................................

१५. तिमीलाई आफ्नो परिवार छोड्न के कारणले बाह्य बनायो ?

(क) घरको आर्थिक अवस्था कमजोर भएर

(ख) बाबाले अर्को विवाह गरी सौतेनी आमाको दुर्व्यवहार सहन नसकेर ।

(ग) आमाले अर्को विवाह गरेर

(घ) बाबा आमाको सम्बन्ध विच्छेद भएर

(ङ) बाबा आमा नै को हो भन्ने थाहा नभएर

(च) अन्य ......................................

१६. घर छाडे पश्चात तिमीले पहिला कहाँ सम्पर्क गऱ्यौ ?

(क) सडकमा भौतरिए (ख) अर्काको घर/होटलमा काम गरी बसे ग) अन्य

**बालगृह आउनुपूर्व र बालगृह आए पश्चातको अवस्था पहिचान**

१७. बालगृह आउनुपूर्व तिमीले कहाँ कहाँ के के क्रियाकलाप गऱ्यौ ?

(क) आफ्नै घरपरिवार साथ रहनु । (ख) घर वा होटलमा बालश्रम गर्नु

(ग) सडकमै दिन विताई प्लाष्टिकका सामाग्री बटुली बेच्ने काम गर्नु

(घ) चोरी एवम् लागू औषधको कुलतमा फस्नु ।

१८. बालगृह आउनुपूर्वको दिनचर्या कस्तो थियो भन्न सक्छौ ?

..........................................................................................................

१९. तिमी कस्को सहयोग मार्फत यस संस्थामा आईपुग्यौ ?

(क) घरपरिवारबाटै (ख) छिमेकी/नातेदारहरूको सहयोगबाट

(ग) संस्थाको सहयोग मार्फत (घ) अन्य ................................

२०. यस गृहमा तिमीले के के सुविधा पाएका छौं ?

(क) खान बस्न (ख) शिक्षा/तालिम

(ग) स्वास्थ्य/सरसफाई/लत्ता कपडा (घ) क र ख मात्र (ङ) पूर्ण छात्रवृत्ति

२१. तिमी पढ्ने स्कुल कस्तो प्रकृतिको हो ?

(क) सामुदायिक (ख) निजी (ग) अन्य अनौपचारिक शिक्षा

२२. यस संस्थाले पढाईको अतिरिक्त अन्य कुन कुन क्रि याकलापहरू सिक्न टेवा पुऱ्याएको छ ?

(क) स्वास्थ्य/सरसफाई सम्बन्धि (ख) खेलकुद एवम् सांस्कृतिक कार्यक्रम

(ग) तालिम/सामाजिक (घ) विविध

२३. भविष्यमा तिमी के गर्ने इच्छा लिएका/लिएकी छौं ?

..........................................................................................................

२४. यस फाउण्डेसन समक्ष तिम्रो कस्तो प्रतिक्रिया छ ?

..........................................................................................................

२५. यस फाउण्डेसनले के गरिदिँदा यहाँ आश्रित बालबालिकाको निम्ती अझ राम्रो हुन्छ ?

..........................................................................................................

२६. तिम्रो विचारमा यस फाउण्डेसन जस्तै अन्य संघसंस्था लगायत नेपाल सरकारले के गरिदिए तिमी जस्ता बालबालिकाहरूको हितको निम्ती राम्रो हुन्छ ?

..........................................................................................................

२७. तिमीलाई तिम्रो घर परिवारमा पठाउन (पुर्नस्थापना) खोजे तिमी जान चाहान्छौ ?

..........................................................................................................

**संस्थाले तिम्रो लागि पठाईएको अलवा के कस्तो सुविधा दिएको छ ?**

२८. संस्थाले तिम्रो पढाईको अला के कस्तो सुविधा दिएको छ?

..........................................................................................................

२९.	कमजोर विद्यार्थीको लागि छुट्टै पढाउने व्यवस्था गरेको छ कि छैन ?

..............................................................................................................

३०.	बाल अधिकार सम्बन्धि तिमीलाई केही थाहा छ कि?

..............................................................................................................

३१.	यस संस्थाले तिम्रो आफन्तजन वा अरु केही आउँदा भेटघाट गर्न दिन्छ कि दिदैन ?

..............................................................................................................

३२.	तिम्रो पढाईको खर्च/विद्यालयको शुल्क कसले के कसरी तिर्छ तिमीलाई थाहा छ ?

..............................................................................................................

# अनुसूची २

## मुख्य सुचनादाताको लागि अन्तवार्ता अनुसूची

१. यस सस्थाको मुख्य उद्देश्य के हो ?

.........................................................................................................

२. यस संस्थामा आश्रीत बालबालिकाहरू कसरी को मार्फत ल्याउनु भयो ?

.........................................................................................................

३. प्रायः जसो यहाँ आश्रित बच्चाहरू कस्तो पारिवारिक पृष्ठभूमिबाट आएका छन् ?

.........................................................................................................

४. तपाईको विचारमा के कारणले गर्दा बच्चाहरू यहाँ आउन बाध्य हुन्छन् ?

.........................................................................................................

५. बालबालिकाहरूको लागि कुन कुन क्षेत्रमा कस्तो योगदान गई आउनु भएको छ ?

.........................................................................................................

६. बचहरूको आवश्यक पूर्वाधारको लागि खर्च कहाँबाट जुटाउनु भएको छ ?

.........................................................................................................

७. तपाईको संस्थामा आश्रित बचहरूलाई पुर्नस्थापित गर्ने कार्यमा के के भूमिका खेल्नु भएको छ?

.........................................................................................................

८. राज्यले गर्ने दायित्व तपाईले निर्वाह गर्नुभएको छ ? के देखेर तपाईले यस्तो बेसहारा बच्चाहरू समेट्ने जसतो झन्झटिलो कार्य अगाल्नु भएको हो ?


.........................................................................................................

९. अन्तमा बालबच्चा बेसहरा नहोउन भन्नका लागि तपाई के भन्न चाहानुहुन्छ ?

.........................................................................................................

# अनुसूची ३

## अध्ययन क्षेत्रको नक्सा



# अनुसूची ४

## अध्ययन क्षेत्रमा लिइएको केही फोटोहरू





